Agnichakra National Monthly

# अग्निचक्र

ISSN 2362-1109



www.agnichakranews.com राष्ट्रिय मासिक

८७
औं
यात्रा

## आधुनिक राजनीतिद्वारा ल्याइएको सबैभन्दा राम्रो काइदा

# फाइदै फाइदा





बलदेव महत



## हार्दिक बधाई तथा शुभकामना

मोरङ, रतुवामाई नगरपालिका, दाम्राभिट्टाकी हाम्री भाञ्जी **सरस्वती नेपाल**को यही २०७४ फागुन १२ गते सुनसरी, इटहरी उपमहानगरपालिका निवासी **गणेश पौडेल**का साथ **शुभविवाह** सम्पन्न भएकोमा नवविवाहित दम्पतीको सुखद दाम्पत्य जीवनका लागि हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौँ ।

**अग्निचक्र मासिक परिवार**

## हार्दिक बधाई तथा शुभकामना

सफल उद्यमी एवम् हिट्को प्रा.लि. का अध्यक्ष तथा हाम्रा अनन्य मित्र प्रदीपमान प्रधान र प्रतिभा प्रधानको सुपुत्र **प्रणवमान प्रधान**को समाजसेवी कृष्णगोपाल श्रेष्ठ र शान्ति श्रेष्ठको सुपुत्री **सोनी श्रेष्ठ**का साथ शुभविवाह सम्पन्न भएकोमा सुखद दाम्पत्य जीवनका लागि हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौँ ।



**दुर्गाप्रसाद आचार्य**
प्रमुख सल्लाहकार

**एल.एन. भट्टराई**
सम्पादक

एवम्

**अग्निचक्र मासिक परिवार**

वर्ष ९ अङ्क ७ पूर्णाङ्क ८७

By the Grace of God
Edited & Published by L.N. Bhattarai

संरक्षक : प्रभा राज्यलक्ष्मी राणा

Agnichakra National Monthly
अग्निचक्र
राष्ट्रिय मासिक

का.जि.प्र.द.नं. ३२/०६६/६७
स्थायी लेखा नं. (PAN) : ३०३८२५१२२

॥ का.म.न.पा. ३, काठमाडौं, नेपाल ॥

सम्पर्क कार्यालय :- कामनपा - ३२, दिल्लीबजार, काठमाडौं
फोन: ०१-४३७७७१०
९८५१०-४०३३०
agnichakramasik@gmail.com
www.agnichakranews.com

ISSN:2362-1109

**सम्पादक / प्रकाशक**
लक्ष्मीनारायण भट्टराई

**चिफ एडभाइजर**
दुर्गाप्रसाद आचार्य

**डाइरेक्टर**
गोपाल घिमिरे

**सल्लाहकार**
प्रा.डा. करबीरनाथ योगी
डा. पदमराज पन्त
डा. कमल शर्मा लम्साल
डा. घनश्याम खतिवडा
विनयकुमार शर्मा नेपाल
प्रेमसागर पौडेल
आर.एच. दाहाल
रोशन श्रेष्ठ
पुण्य आचार्य

**कानुनी सल्लाहकार**
अधिवक्ता लक्ष्मण आचार्य

**व्यवस्थापक**
कमला मिश्र

**संवाददाता/सहयोगी**
के.एम. भट्टराई / वशिष्ठ भलना

**फोटोग्राफर**
अग्निप्रसाद निरौला

**प्रमुख वितरक**
यज्ञ न्यौपाने (उपत्यका)
एन.ए. डिस्ट्रिब्युटर्स (उपत्यका बाहिर)

**मुद्रण**
एस.पी. प्रेस, कामनपा-३१

# पौडेलको सल्लाहमा अझ प्रगाढ सम्बन्ध गाँसुन्

*नेपालका वरिपरि दक्षिण र उत्तर रहेका मुलुकहरू विदेशी अधिनमा रहँदा पनि नेपाल एक स्वतन्त्र राष्ट्रको रूपमा विश्वभर चिनिएर रह्यो । भेटिएका वैज्ञानिक अवशेषका अनुसार नेपालमा एक करोड वर्षभन्दा अगाडिदेखि नै मानव बसोबास सुरू भइसकेको तथ्य प्रमाण स्पष्ट छ । एसियाका ठूला राष्ट्र भनेर चिनिएका चीन र भारतको बीचमा हिमालयको काखमा बसेको यो नेपाल मुलुकको इतिहास यस क्षेत्रका अन्य देशहरूको भन्दा फरक छ । सनातन धर्मशास्त्र एवं उपलब्ध भएका पुराणहरूमा नेपाललाई अत्यन्तै प्राचीन भूमिको रूपमा वर्णन गरिएको पाइन्छ ।*

*यी कुराहरूका अनुसार यो मुलुक अत्यन्तै प्राचीन समयदेखि स्वतन्त्र राज्यको रूपमा नेपाल नामबाट परिचित रहेको कुरा सर्वत्र स्पष्ट छ । नेपाल नामको पहिलो उल्लेख अथर्वपरिशिष्टमा गरिएको पाइन्छ । नेपाललाई सत्ययुगमा सत्यवती, त्रेता युगमा तपोवन तथा द्वापरयुगमा मुक्तिसोपान भनिथ्यो रे । कलियुगमा चाहिँ नेपाल भन्ने गरिएको कुरा भारत वर्षका पौराणिक ग्रन्थहरूमा उल्लेख छ । ने नाम गरेका ऋषिले संरक्षण दिएको कारण ने र पाल (संरक्षण गर्नु) भन्ने शब्द मिली नेपाल बनेको जनविश्वास छ ।*

*नेपालको सम्बन्ध मित्रराष्ट्र चीनसँग अत्यन्तै प्राचीन समयदेखि नै घनिष्ट रहँदै आएको पाइन्छ । चीन र नेपालबीच जनस्तरको सम्बन्ध पनि उत्तिकै पुरानो छ । इतिहास अध्ययन गर्ने हो भने यी कुरा स्पष्ट हुन्छन् । भगवान् बुद्धको समयमा झनै यो सम्बन्ध थप सुमधुर हुँदै आजसम्म आइपुगेको छ । नेपाल शब्द चीनको तिब्बती भाषा नियमपालबाट आएको भन्ने भनाइ पनि छ । यसको अर्थ "पवित्र भूमि" भन्ने हुन्छ । भारतले पटक पटक नाकाबन्दी लगाएर नेपालीलाई दुःख दिए पनि चीनले चाहिँ सधैँ नै नेपाली जनताप्रति सद्भाव देखाइरहेको छ र यो सद्भाव नेपाली जनताले पनि राम्रोसँग सम्झने गरेका छन् ।*

*नेपाली जनताको मन अनुसार नै राजनीति गरेका कारण केपी ओली र उनको पार्टी एवं वामपन्थी गठनबन्धनलाई जनमत पनि दुई तिहाइ नै प्राप्त भयो । जनताको मन बुझेर राजनीति हाँकेका कारण ओली पुनः प्रधानमन्त्री बन्न सफल भएका छन । नेपाल चीनको अत्यन्तै असल मित्रराष्ट्र हो भन्ने कुरा यसकारण पनि स्पष्ट हुन्छ कि नेपाल सरकारले गर्ने हरेक निर्णयहरूलाई चीनले सधैँ नै नैतिक समर्थन र सद्भाव देखाएर स्वतन्त्र राष्ट्रको रूपमा झनै बलियो हुन शक्ति र ऊर्जा नेपाललाई दिइरहेको पाइएको छ । हालै पनि चीन सरकारका तर्फबाट ओली सरकार र एकीकृत हुँदै गरेका ओली-प्रचण्डको नेपाल कम्युनिस्ट पार्टीलाई सहयोग गर्ने कुरा सार्वजनिक भएको छ ।*

*अबको पाँच वर्ष ढुक्कले ओलीले शासन गर्ने कुरो बुझेपछि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले ओली प्रधानमन्त्री नबन्दैदेखि पटक-पटक फोन गरेर बधाई मात्रै दिएनन्, विशेषदूतको रूपमा विदेशमन्त्री सुष्मा स्वराजलाई नेपाल पठाएर चीनका राष्ट्रपति नेपाल भ्रमण आउनु अगावै मोदीले नेपाल भ्रमण गर्न चाहेको सन्देश दिन पनि भ्याएको कुरा परराष्ट्रविद्हरू बताउँछन् । नेपाल र चीनका जनताबीच नेपाल र भारतका जनताबीचको जत्तिकै निकटता र मित्रता छ भन्ने कुराको प्रमाण इतिहास साक्षी छ । भारतले अमानवीय नाकाबन्दी लगाउँदा प्रधानमन्त्री ओलीले देखाएको अडानलाई समर्थन गर्दै नेपालीले ओलीलाई चीनप्रति झुकाव देखाएर सम्झौता गर्ने ऊर्जा र शक्ति दिएका कारण ओली सफल पनि भए ।*

*अब प्रधानमन्त्री ओलीले विगतको पाठ सिक्दै चीनका राष्ट्रपति सि जिनपिङको नेपाल भ्रमणको चाँजोपाँजो मिलाएर स्वागत गर्ने र आफू पनि भारत जाने परम्परा त्याग्दै चीन भ्रमण जाने व्यवस्था मिलाउन्, नेपाली जनताको इच्छा यही छ । भारतलाई ब्यालेन्समा राख्ने, नबिच्काउने साथै नेपालको स्थिरता र समृद्धिका लागि दुवै मित्रराष्ट्रको भरपुर सहयोग लिन कुटनैतिक शैली अपनाउने । ओलीले चीनलाई बढी रिझाउँदा भारत बिच्किने अवस्था नआओस् । यस्ता कुटनैतिक सल्लाहका लागि हाम्रा प्रधानमन्त्री ओलीले* ***"नेपाल-चीन पारस्परिक सहयोग समाज"का अध्यक्ष प्रेमसागर पौडेल****को सल्लाह अनुसार छिमेकी मुलुकसँग अझ प्रगाढ सम्बन्ध गाँसुन्, 'अग्निचक्र' मासिकको यही हो सल्लाह । जय गोरख ॥ ००*




# ॐ सत्गुरू वन्दना

गोरक्ष् बालम् गुरुशिष्य पालम् ।
शेषः हिमालम् शशीखण्ड भालम् ॥
कालष्य कालम् जिताजन्म जालम् ।
वन्दे जटालम् जगदाव जालम् ॥

ॐ भूर्भुवः स्वः
तत्सवितुर्वरेण्यं
भर्गो देवस्य धीमहि ।
धियो यो नः प्रचोदयात् ।।

## उत्कृष्ट आठ पेज


'अग्निचक्र' मासिकले माघ ०७४ को अंकमा नेपाली महिला महाकवि बुनू लामिछानेद्वारा लिखित यात्रा संस्मरण प्रकाशित गरेको पाइयो । लगातार आठ पेजमा प्रकाशित गरेर 'अग्निचक्र' ले आठ पेज किन खर्चेको होला भन्दै त्यो यात्रा संस्मरण पढ्दै जाँदा पो थाहा भो कि, त्यो त एक उत्कृष्ट आठ पेज बोकेको, सन्देशले भरिएको काठमाडौंदेखि विराटनगर पुगेर पुनः काठमाडौं फर्किंदाको संस्मरण रहेछ । बुनू लामिछानेले मिठास शैलीमा लेख्नुभएको यस संस्मरणले नेपाली साहित्यमा एक इतिहास नै राख्नेछ भन्ने विश्वास मलाई लागेको छ । ऐतिहासिक महत्व बोकेको 'अग्निचक्र'को माघ ०७४ अंक सधैँ मेरो मानसपटलमा रहनेछ । जय होस् महाकाव्यकार बुनू लामिछानेज्यूको । – **विवेक राई,** थानकोट ।

## डा. मल्ल कता हराउनु भयो ?

म 'अग्निचक्र' राष्ट्रिय मासिकको नियमित पाठक हुँ । शिवपुरी बाबाका आध्यात्मिक सन्देशहरू 'अग्निचक्र'मा नियमित लेख्नुहुने डा. योगेन्द्रभक्त श्रेष्ठ मल्लज्यूले यसपटक चाहिँ लेखेको पाइएन, किन ? डा. मल्लको म प्रशंसक हुँ । डाक्टर भएर पनि अध्यात्ममा कलम चलाउने उहाँ एक असल अवतारी मानव हुनुहुन्छ भन्ने मलाई लाग्छ । शिवपुरी बाबा जो एक अलौकिक महापुरुष हुनुहुन्थ्यो, जसको शिक्षालाई विश्वभर चिनाउन परमात्माले डा. श्रेष्ठलाई नै चयन गर्नुको केही खास रहस्य पक्कै होला ।

जे होस् डा. मल्लको अङ्ग्रेजी आध्यात्मिक लेख 'अग्निचक्र'मा पढ्न सधैँ पाइयोस्- मेरो इच्छा पूरा गराई दिनुहोला ।

– **दिलमाया नकर्मी,** टोखा, काठमाडौं ।




## बैंकरलाई किन माइनस ?

'अग्निचक्र' मासिकले सबै प्रकारका स्तम्भहरू राखेर सबै खाले पाठकलाई आफूतर्फ तानेको थियो तर आजकल अलि अर्कै खालको लाग्न थाल्यो मलाई ।

कमर्सियल बैंकका सीईओहरू, राष्ट्र बैंकका गभर्नर तथा लघुवित्त विकास बैंकका सीईओहरूको अन्तर्वार्ता प्रकाशित हुने 'अग्निचक्र' आजकल बढी साहित्यस्तम्भमा केन्द्रित भएको पाइयो । अर्थजगत्लाई स्थान दिन किन छोडेको ? बैंकरलाई किन माइनस गरेको ? एउटा स्तम्भ बैंकिङको राख्नु पर्‍यो सम्पादकज्यू !!

– **वामदेव राणा,** हात्तीगौंडा ।

## भावार्थः

प्राण-स्वरूप, दुःख नाशक, सुख स्वरूप श्रेष्ठ, तेजस्वी, पाप नाशक, देवस्वरूप परमात्मालाई हामी धारण गर्न सकौं र धारण गरिएका परमात्माले हाम्रो बुद्धिलाई सत्मार्गमा अभिप्रेरित गरिदिऊन् ।








दृष्टिकोण – **दुर्गाप्रसाद आचार्य**

# चीनलाई राष्ट्रिय हितमा समदुरीमा राख्दा भारत किन सतर्क हुने ?



सबैलाई थाहा भएकै कुरा हो, नेपालका मित्रराष्ट्रहरू चीन र भारत नै हुन् भनेर । चीन र भारतसँग नेपालको सम्बन्ध समदुरीका रूपमा राष्ट्रिय हितमा प्रयोग गर्दै अघि बढ्नु पर्छ भन्ने कुरा नेपालले अघि सार्दा भारतको टाउको किन दुख्छ ? नेपालका लागि चीन र भारत असल मित्र हुन् भन्न पनि नपाउँनु ? भारत हरेक हिसाबले नेपाललाई आफ्नो स्वार्थ लाद्न खोजिरहन्छ ।

चीन नेपालको एक असल मित्र राष्ट्र हो । नेपालको राष्ट्रिय हितमा चीनले सधैं साथ-सहयोग गरिरहेको छ भने नेपालले पनि चीनको राष्ट्रिय हितका लागि एक चीन नीतिको समर्थन गरिरहेकै छ । चीनले सधै नेपालको हित चाहेको छ र हित हेरिरहन्छ अर्थात् चीनले सधै नेपालको हित चाहन्छ ।

नेपालमा ओली नेतृत्वको नयाँ सरकार बनेपछि चाहिँ भारत अलिक लच्केको देखियो । वाम गठबन्धनको सरकार अब ५ वर्षका लागि हो भन्ने बुझेर नै भारतले अब अरू उपाय नदेखेपछि विदेशमन्त्री स्वराजलाई प्रधानमन्त्री मोदीको दूतका रूपमा नेपाल पठाएको कुरा बुझियो । भारत इतिहास मै यो पटक नेपालसँग थोरै भएपनि कूटनैतिक हिसाबमा हेर्दा नरम देखियो ।

ओली सरकारले पनि चीन र भारतसँगको सम्बन्धलाई समदुरीका रूपमा अघि बढाउँने विचार व्यक्त गरिसकेका छन् । चीन र भारतलाई नेपालको राष्ट्रिय हितमा प्रयोग गर्ने ओलीको इच्छा छ । नेपालभन्दा धेरै ठूला मित्रराष्ट्र चीन र भारतले नेपालको हित हेर्नै पर्छ र कुनै पनि कुरामा दख्खल नदिउन् भन्ने ओलीको चाहना छ ।

३ वटै देश चीन, भारत र नेपालले साझा हितका सवालमा आपसी समझदारीमा समस्याहरू समाधान गर्दै एउटै निर्णयमा पुग्ने हो भने ३ वटै मुलुकको हित हुन्छ, यो इच्छा ओलीको छ तर यो कुरामा भारत किन सतर्क हुन्छ ? चीनको नजिक नहोस्, मेरै सल्लाहमा मात्र नेपाल चल्नु पर्छ, चीनसँग ननजिकियोस् भन्ने चाहन्छ भारत सधैं । तर भारतको यो इच्छाले अब केहि हुनेवाला छैन । नेपाल इतिहास मै अहिले बलियो देखिएको छ । भारत सरकारले नाकाबन्दी गरेर नेपाललाई रूवाई रहेका बेला ओलीले चीनसँग विभिन्न ऐतिहासिक महत्व राख्ने सम्झौता गरेर भारतलाई झनै चिढ्याए । यो चिढ्याइले आखिर नेपाललाई नै फाइदा भयो । युगौं पुरानो जनस्तरको सम्बन्ध तोडेर नाकाबन्दी गर्ने भारतले अन्ततः हार खायो ।

चीनले नेपाललाई कहिल्यै हेप्ने र बलमिच्चाई गर्ने काम गरेन तर भारतले सधैं हेप्ने र बलमिच्चाई गरि नै रह्यो । भारतको यस्तो प्रवृत्ति कै कारण नेपाली जनताहरू भारतप्रति सशंकित र आक्रोशित हुने गरेका छन् । नेपाली जनताको इच्छा विपरित नेपालका नेताहरू चाहिँ भारतीय संस्थापनलाई रिझाउन चाकडीबाज गरिरहन्छन् । भारतले नेपाललाई जति अन्याय गरेपनि नेपाली नेताहरूले भारतको विरोध गर्नै सक्दैनन् । यही कारणले गर्दा भारतले सधैं नेपाललाई बल मिच्चाइ गरिरहेकै छ ।

पश्चिम नेपालको दार्चुलामा भारतले नेपाली भूमिमा नेपालको अनुमति नलिईकन नै बाटो बनाउने काम गरेर पुनः यसपटक पनि हेपाहा प्रवृत्ति देखाएको छ । केही हप्ता अगाडि सिमाना मिचेर पिल्लर (सीमा स्तम्भ) सार्ने काम गरेको थियो ।

बेलुकी खानपीन गरेर सुतेका नेपाली जनता बिहान उठ्दा भारतीय भैसकेका हुन्छन् – रातारात सिमा स्तम्भ गायब पारेर । सार्वभौम स्वतन्त्र मुलुक नेपालको भारतसँग लामो खुला सिमाना भएकाले भारत र नेपाल दुवै मुलुकका नागरिकहरू एक अर्काका देशमा निर्वाध ओहोर दोहोर गर्न पाउँने सन्धिका कारण भारतले यस्को दुरूपयोग गरेको हो ।

मित्रराष्ट्र भारतका सुरक्षाकर्मीहरू खुलेआम नेपाली भूमिमा पसेर नेपाली नागरिकलाई पिट्ने, अपहरण शैलीमा पक्रने र अनेक दुःख दिने गरेको खबर सार्वजनिक भएपछि नेपाली सुरक्षाकर्मी भारत गएर छुटाएर ल्याएका थिए । नेपालको राष्ट्रिय स्वाभिमानमा चोट पुऱ्याउन भारत पल्केको छ ।

सिमा स्तम्भ सार्ने, सिमा मिच्ने लगायतका धेरै अन्याय भारतले नेपाललाई गरेको छ । चीनले कहिल्यै नेपालको सीमाना मिचेन र उत्तरी सीमा जो चीनसँग जोडिएको छ, त्यसमा कुनै समस्या छैन ।

चीनले सधैं असल मित्रको उदाहरण दिई नै रह्यो र सधै माया गरि नै रह्यो । यो कारण पनि नेपालीहरू चीनप्रति बढी सद्भाव राख्छन् । नेपाली जनताको जनमत पाएर दुई तिहाई बहुमत प्राप्त वामगठबन्धनका नेताहरू चाहिँ चीनप्रति नजिकिएका छन् जनताको इच्छा अनुसार ।

आर्थिक संमृद्धिको नारा लिएर गठन भएको नयाँ ओली नेतृत्वको सरकारलाई कुनै अल्झन नदिइकन चीनले झै सहयोग गर्न भारतलाई पनि हौसला मिलोस् ।

हेपाई र थिचोमिचो मित्रताको लक्षण होइन भन्ने कुरा बुझेर भारतले सधै चीनले नेपाललाई गर्दै आएको झैँ असल व्यवहार गरोस् ताकि नेपालीको दुखेको मनमा हाँसो आओस् ।

युगौ पुरानो जनस्तरको सम्बन्धलाई युगौ युगसम्म सुमधुर बनाई राख्न चीनले झै भारतले पनि सम्मान गर्न सिकोस् । यति भो भने नेपाल पनि खुशी हुनेछ साथै चीन पनि झनै खुसी हुनेछ । भारतलाई चेतना भया । ◆◆

# लौरो टेक्न थालियो

अठहत्तर हेमन्त बर्षा शरद हेरियो
भलबाढी चीसोगर्मी सुखदुःख पचाइयो
भोकशोक खुसीचिन्ता सबै भोगेर आइयो
अहिले फेरि यो लौरो किनेर टेक्न थालियो ।।१।।

कालो केस भयो सेतो कान कुइञ्ज कराउँछ
आँखा तिर्मिर तिर्मिर हेर्ने शक्ति घटाउँछ
होला कि क्यै बिशेष् भन्दै चस्मा लाउन थालियो
अहिले फेरि यो लौरो किनेर टेक्न थालियो ।।२।।

ढाड दुख्छ घुँडा दुख्छ जोर्नीमा कर्कराउँछ
हिडौं अलिकति भन्दा टेकिदैन लडाउँछ
के गरूं कसरि बाचूँ भनेर दिक्क मानियो
अहिले फेरि यो लौरो किनेर टेक्न थालियो ।।३।।

केही शरीरको बोझ धान्न लौरो सघाउँछ
म भन्दा उ अघि हिड्छ उहि बाटो चिनाउँछ
बुढेस कालमा लौरो आधार हुन्छ ठानियो
तसर्थ अहिले लौरो किनेर टेक्न थालियो ।।४।।

तँ मेरो मित्र होस् लौरो मेरो शरीर धान्नु है
यो बुढेस्कालको मान्छे असमर्थ छ ठान्नु है
इमान्दार बनी मार्ग बिचारेर हिडे भलो
भनी मन्त्रेर यो लौरो किनेर टेक्न थालियो ।।५।।

लौरोलाई कतै लट्ठी लाठी दण्ड भनिन्छ हो
स्टीक अंग्रेजी भाषामा पुकारिन्छ अवस्य हो
छोटो मोटो तथा लामु लौरोको रूप देखियो
अहिले ठिक्कको लौरो किनेर टेक्न थालियो ।।६।।

मान्छेले कहिलेबाट लौरो टेक्न सुरू गऱ्यो
अनुसन्धान् गरूँ जस्तो एक्कासी मनमा पऱ्यो
तर त्यो कार्य बाँकी छ गरे राम्रै हुने थियो
अहिले भर्खरै लौरो किनेर टेक्न थालियो ।।७।।


लौरोको महिमा ठूलो विज्ञ बताउँछन यहाँ
परे सोट्ठ्याउँछ यस्ले मूर्खको ढाड ढाडमा
शत्रुको सामना गर्न पनि लौरो उचालियो
त्यसैले गुनिलो लौरो किनेर टेक्न थालियो ।।८।।

निगालो काठको लौरो बन्दछ बेत बाँसको
बिभिन्न थरी पाइन्छ हुदैन एकनासको
ऐले स्टीलको राम्रो पसल्मा देख्न पाइयो
खुरूक्क सानु यो लौरो किनेर टेक्न थालियो ।।९।।



भो भो नआउ है मेरा अगाडि बदमास हो
भुक्ने कुकूर वा मत्तु साँढे जाउ पुडो पुडो
नत्र सोठ्ठ्याइ पाउला भन्ने हल्ला फिजाइयो
हल्का स्टीलको लौरो किनेर टेक्न थालियो ।।१०।।

त्रिशुल शिवको लौरो श्रीखण्डको बशिष्ठको
महात्मा गान्धीको लौरो भारतीय पलाँसको
महत्वपूर्ण भै युग हाँकेको देख्न पाइयो
त्यस्तै ठानेर यो लौरो किनेर टेक्न थालियो ।।११।।



to go higher and higher. Conserve all energy and direct it to **RL.** Do this again and again till you become successful. Here you can take the help of **science** also. But **Science should not override divine laws; and it should not also be used at the cost of social harmony.**

*****

*Prarabdha* is the limitation imposed on us as the result of our past activities. It is like your overdraft from your bank, which you must payback with interest! But, if you stop paying, you will certainly enter the hell again! Also take care to fulfil all normal human functions.

*****

**(To another sincere devotee):**

1. We should have an unknown and **private life.**
2. We should have a **Positive attitude,** that we are servants of God and so we will certainly overcome all obstacles.
3. Only take to **God & God-given Duties**. He knows what you want and will give them to you.
4. God knows what is best for us.
5. **Only God-Realised people are fit to become real Teachers.** Fear not; a chance will come to you.



# INTUITION

**Dr. YB Shrestha Malla**

To find out **wherefrom your thoughts** begin: Tune your mind constantly. Then, one day, you will find that your thoughts are slowing down and an **intuition** will slowly arise, we don't know wherefrom. Follow that intuition, let your thinking stop fully; then it will eventually lead you to the Goal.

*****

**Faith** alone does not lead to Realisation. One must live **RL** and practise **Meditation.**

*****

Some enjoy Nature, some Self. By the first, you will enjoy External and by the second, Internal. When you go beyond both, you will reach God.

In the beginning, do not strain for meditation. If you feel the strain, you switch on to nature, watch her beauty and relax. If you still feel the strain, come down to Worship *(Pooja), Repetition of Sacred word/s (lap)* etc. Try again

6. No progress should be regarded as progress except seeing the Beyond.
7. **Till God is known, nothing is known.** When we know God, we know everything. Unless the **First Cause** is known, nothing is known.
8. The false "I" does not exist. But we mistakenly think that it exists and it is true!
9. God likes to eat your ego (ahamkaar). The sacrifice of ego is the highest sacrifice. The cross is a symbol of this.
10. There must be yearning for beyond, not balance here.
11. Knowledge of book useful only for the doubting people. Actually Right Teacher & Right student are enough for gaining Knowledge.
12. Mind is the real man.
13. Where from the sleep comes; find that out, my dear.

14. Every living being has 4 things in common, viz. hunger (*Aahaar*), sleep (*Nidraa*), fear (*Bhaya*) & sex (*Maithun*): man too has them; but he should have a specific nature which goes beyond them: this is higher nature.

*****

1. You must be active, not passive: be quick and smart in everything.
2. Clean your Body by bath, wash your clothes by water, by specific Rituals during pregnancies etc. Purify your undertakings by samskaar, your senses by austerities, nervous system (Brahma Naadis) by yoga, your earnings by charity, mind by the spirit of sacrifice. Lastly clean your Self by God-realisation. In Sanskrit it is well spoken as follows:

*Shnaanse Shariraadi, Prakshyalanse Bastraadi, Samskaarse Garbhadi, Tapasyase lndriyadi, Yoga-yaagaadise Brahmanaadi, Daanse dhanaadi, Santoshse manaadi, kintu Atmagyanse hi Aatmakaa shuddhi hotaa hai.*

*****

For Meditation Faith in your Guru's words is necessary, and also God's Grace.

Go on struggling -- this is primary. Failures, if they come, are secondary -- they should not be cared too much.

Faith in Guru's words is meant to stick to **RL** only e.g. Valmiki. But you must act on this as said by Sri Krishna to Uddhay.

**Divine Wealths (Daivi Sampads) are only cooking materials;** if you go on collecting them only, it is of no use! Use them when required. But, if you use them indiscriminately, (like more chillies, less salt etc., while cooking), you will spoil the "food"! Therefore you must know how much to use them and When.

**Spiritual Fellowship (Satsang)** is very important. It takes you away from 1) troubles and temptations, makes you ready for 2) Practice (Abhyas) and then insure you for 3) God's Grace and also takes you to 4) Dispassion (Vairagya). But the recipient must be ready!

*****

During the first stage of your journey, you must protect yourself in all possible ways. During the second stage, when your Mind & Intelligence are steadied and your Meditation established, you become God's property -- no danger will come to you.

*****

**RL** is a course like that of a doctor's; it takes time -- 10-12 years.

*****

**Life is an instrument** with which you can get the Highest, God. Pretend to love without .indulging in it, giving it varieties and enjoyments when necessary. There are other requirements such as

1. Single-mindedness
2. Patient waiting for God
3. Loving insistence
4. Constant agitation
5. Meditation
6. Prayer and
7. Surrender.

*****

Bliss-sheath (Aanandamayi kosha) is Causal Body (Kaaran shareera).

*****

To H. Ripman: Two things make a man move away from God -- Pleasures & Temptations; they are also offered by Siddhis. So beware!

*****

**(To One VIP):**

1. One should **not do** even a single unnecessary act: one should **not see** what is unwanted for him; should not **hear** which has no concern for him; should not **eat** more than is required for the body, and should not touch what is not required. Conserve all energy/ senses and do **not waste** any of them; direct them all for **RL.**
2. In personal Life, you must be pure in action and pure in mind.
3. Virtues enable you to Command your internal forces.
4. We should not think of God in a definite form but in indefinite forms/ways.
5. Acquiring 1 virtue of the Divine Wealth (Daivi Sampad) means achieving mastery over 1 small god (Devtaa).
6. Scriptures give you distant view of life.
7. Humility is the king of Virtues. A man with humility is more beautiful than the most beautiful woman of the world!
9. Mind should never be happy without God-Realisation.

10. If you sleep with thoughts of God, you may see Him.
11. You should have love neither for Life nor for Death except **RL**.
12. When we pursue reason, we reach pleasures; when we go beyond reason, we reach God.
13. Remember Buddha's last message? He said, **"Be a lamp unto thyself"**
14. Simple Duties and simple God-remembrance: Duties for maintain Body and centring round God and seeing God! Duties & God will bring everything necessary.
15. Life should be intolerable without God.
16. Meditation on Finite Objects (Sagun Upaasanaa) serves as a resting place for the soul travelling to God.
17. Without knowing God, how can we say what is God or His will?
18. God can divinise humanity; but He can also do the contrary.
19. We can pray for ourselves only, not for others. If you demand for others, you may be punished by God, e.g. King Bali's mistake -- he drove out Death from his kingdom; so he got punished.
20. Material Wealth, Occult Powers and sheer Meditation (Gaddi, Siddhis and Samadhi) are obstructions in the way to God. Go beyond them; then you will see God.
21. Refined Intellect and Discrimination save you. (Yuktise mukti miltaa hai)
22. Be strong and brave without being vain.
23. Our present knowledge is Name-imposition only. (To understand this properly: study the First Chapter, Bishaad Yoga of the **Bhagavad Gita**).
24. Our Self does not move, our World moves in it.
25. **Some important Words:**

**Shruti** -- the spoken word; it does not change.

**Smriti** -- written word; it changes from time to time.

**Dhaaranaa** -- holding on to an object generally/historically.

**Dhyana** -- holding on to an object specifically

**Samadhi** -- standing on the point of a "needle".

**Tatwa Gyan** -- analytical knowledge.

**Brahma Gyan** -- synthetic Knowledge.

**Guru and God are same.**

**Q: What is God-Realisation in one sentence?**

A: Getting Omniscience, Omnipresence, Omnipotence, Eternal Bliss and Eternal Freedom from the cycles of births & deaths in the waking state. One understands this only after one submits his ego humbly to **God.**

**Q: Tell me what happens when I start RL?**

A: New problems start coming to you. But don't be afraid. You must learn how to solve them; also you can very well take the help of your seniors.

*****

**SB: RL is a Practical Science;** it is for living and not so much for discussion. Go on struggling; then you will yourself understand its importance.

*****

Whosoever worships his Deities must come to RL at last; live it, then you can realise God.

*****

All Scriptures are only for creating the understanding life and its Duties.

*****

*Opening the letter-lock* requires right letters in right places. Similarly if you put your Intellect, Mind and Soul in right order, the lock of life & creation opens; and you will realise God.

*****

Welcome troubles like Kunti; then God, Krishna, will come to you.

*****

Just as you subordinate your will to king's; so subordinate your Intellect, Mind and Soul to **RL.** Then you will see God.

*****

**Intellect** becomes perfect when every action produces your desired result. **Mind** is purified when there is only Reason and no Emotion. **Soul** is purified when there is concentrated meditation and on what, how, why and whence of life & creation.

**Q: Is God far from us?**

A: No! IT is nearer to us than our own Self.

| SB = Shivapuri Baba | RL = Right Life |
|---|---|

# लालीगुराँसका बारेमा रोचक जानकारी





| नेपालमा पाइने गुराँसका केही प्रजाति | | | |
|---|---|---|---|
| सि.नं. | प्रजाति | फुल्ने महिना | उचाइ (मि.) |
| १. | रोडोडेन्ड्रन अर्बोरियम् | माघ-असार | १३००-३६०० |
| २. | रोडोडेन्ड्रन ग्रान्डे | फागुन-वैशाख | १७००-३००० |
| ३. | रोडोडेन्ड्रन हड्सोनाई | चैत-वैशाख | २६००-३८०० |
| ४. | रोडोडेन्ड्रन भिरगाटम | चैत-वैशाख | २४००-३००० |
| ५. | रोडोडेन्ड्रन थोमसोनाई | वैशाख-जेठ | २५००-३९०० |
| ६. | रोडोडेन्ड्रन सिनाबारिनम | चैत-जेठ | ३०००-३८०० |
| ७. | रोडोडेन्ड्रन लिन्डल्यी | वैशाख-जेठ | २०००-३००० |
| ८. | रोडोडेन्ड्रन वालिकी | वैशाख-जेठ | ३३००-४२०० |
| ९. | रोडोडेन्ड्रन क्याम्पिलोकार्पम् | जेठ-असार | ३०००-४००० |
| १०. | रोडोडेन्ड्रन ट्राइरूलोरम | वैशाख-जेठ | २४००-३५०० |
| ११. | रोडोडेन्ड्रन ग्रिफिथियनम | वैशाख-जेठ | २१००-२६०० |
| १२. | रोडोडेन्ड्रन लेपिडोटम | वैशाख-साउन | २४००-४७०० |
| १३. | रोडोडेन्ड्रन एन्थोपोगन | वैशाख-साउन | ३०००-५१०० |
| १४. | रोडोडेन्ड्रन निभाले | वैशाख-भदौ | ४४००-५६०० |

- लालीगुराँसको ताजा वा सुकाएको फूल माछा पकाउँदा मिसावट गरेमा यसले माछाको काँडा नरम बनाउँछ ।
- तत्कालिन राजा महेन्द्रले वि.सं. २०१९ मा लालीगुराँसलाई राष्ट्रिय फूलको रूपमा मान्यता दिएको कुरा इतिहाँसमा उल्लेख छ ।
- रू. ५०० र रू. १००० को नेपाली नोटमा लालीगुराँसको फोटो देख्न सकिन्छ ।
- गुराँसका तीन प्रजातिबाट 'लाब्राडोर' नाम गरेको हर्बल चिया बनाइन्छ ।
- नेपालमा मात्र नभएर विश्वका विभिन्न देशमा लालीगुराँस त्यतिकै मनपराइएको फूल हो ।
- भारतीय राज्य सिक्किमको राष्ट्रिय रूख पनि लालीगुराँस नै हो ।
- भारतीय राज्य हिमाञ्चल प्रदेशमा पनि गुराँसको प्रजातिलाई राष्ट्रिय फूल मानिन्छ ।
- भारतीय राज्य कश्मिर र पाकिस्तान तर्फको कश्मिरको राष्ट्रिय फूल पनि लालीगुराँस नै हो ।
- अमेरिकी राज्य वेस्ट भर्जिनियाको प्रान्तीय फूल लालीगुराँस उनीहरूको प्रान्तीय झण्डामा पनि अंकित रहेको देख्न सकिन्छ ।
- लालीगुराँसकै अर्को प्रजाति अमेरिकाको वासिङ्टन राज्यको पनि प्रान्तीय फूल रहेको कुरा बुझिन्छ ।
- नेपाली समाजमा माछाका परिकार खाँदा अचानक काँडा अड्कियो भने गुराँसको फूल सेवन गर्ने चलन छ ।
- घोडाको लागि चाहिँ गुराँसको पातलाई विशालु मानिएको छ ।
- गुराँसको फूलको रस चुसेर मौरीले बनाएको महलाई विशालु अर्थात् मत्वाली हुने कुरा नेपाली जन मानसमा सुन्ने गरिएको छ ।
- लालीगुराँस फूलका विभिन्न प्रजाति संसार भर नै पाईन्छ ।
- नेपालको पहाडी भेगमा पाइने लालीगुराँसको फूल खान हुन्छ, अलिअलि अमिलो स्वादको यो फूललाई अचार बनाएर राखेमा लामो समय सम्म बिग्रदैन ।
- भारततिर लालीगुराँसको जुस, जाम, तेल, वाइन आदि बनाएर व्यावसायिक रूपमा बेच्ने गरिएको पाइन्छ ।
- लालीगुराँसको जुसलाई भारतको उत्तराखण्डमा "वुराँस" नामको पेय पदार्थको रूपमा बिक्री गरिन्छ ।
- नेपालको राष्ट्रिय फूल लालीगुराँस भएको कुरा सबैलाई थाहा थियो, अब यो चैत महिनाको अग्निचक्रबाट सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीज्यूको जन्मस्थान भोजपुरको गुराँसे हो भन्ने कुरा पनि सबैले थाहा पाउने भएकाले यस कुरामा म पनि हर्षित छु ॥ जय नेपाल ॥



# स्पर्शी र प्रभावशाली हास्यव्यङ्ग्यको नौलो सँगालो

हास्य र व्यङ्ग्य साहित्यका दुई महत्त्वपूर्ण प्रभाव (इम्प्रेसन) हुन् । यिनलाई कसैले विधा (जान्र) र कसैले शैली (स्टाइल) भनेको पनि पाइन्छ । यथार्थमा यी विधा वा शैली नभई पृथक्-पृथक् साहित्यिक प्रभाव हुन् । हास्यको प्रभावले रचना मनोरञ्जनपूर्ण र व्यङ्ग्यको प्रभावले कटाक्षपूर्ण हुन्छ । यी दुवैको लक्ष्य समान अर्थात् विकृतिको सुधार भए पनि हास्यको उद्देश्यलाई हलुका (केवल मनोरञ्जन) र व्यङ्ग्यको उद्देश्यलाई गम्भीर मानिन्छ ।

साहित्यका प्रकार छुट्ट्याउने मूल विधाहरू कविता, आख्यान, नाटक र निबन्ध गरी चारवटा मात्र छन् । यिनमा कविता रच्नु छ भने आख्यान, नाटक वा निबन्ध लेखेर त्यो कविता विधाको रचना बन्दैन । त्यस्तै आख्यान, नाटक वा निबन्ध लेख्न पनि सोही विधाका अनुरूप संरचना तयार गर्नुपर्छ, अन्यथा त्यो इच्छित विधाको रचना हुँदैन । यसको तात्पर्य के हो भने प्रत्येक विधाको मूल स्वरूप र संरचना आफ्नै हुन्छ, त्यो अन्य विधाको स्वरूप र संरचनासँग मिल्दैन । विधाहरूको यो अमिल्दोपन नै त्यो आधार हो जसले हास्यव्यङ्ग्य स्वतन्त्र विधा होइन भन्ने निर्धारण गर्छ । हास्यव्यङ्ग्य कुनै एक रचना प्रकार वा विधामा मात्र संरचित नभई कविता, आख्यान, नाटक र निबन्ध गरी चारवटै विधामा संरचित हुन्छ । यही क्षमताका कारण हास्यव्यङ्ग्यलाई छुट्टै विधा होइन सबै विधामा अटाएर अभिव्यक्त हुनसक्ने सिर्जना ठानिन्छ । साहित्यिक प्रभाव भएकाले हास्यव्यङ्ग्य सबै विधाको बुइ चढेर बस्छ, बेग्लै विधाका रूपमा देखापर्दैन ।

स्वतन्त्र विधा नभएझैं यो स्वतन्त्र शैली पनि होइन । शैली भनेको रूप हो र यो बाज्य हुन्छ । यसलाई त्यस्तो रूप मानिन्छ जो अर्थ, भाव, विषय, कथ्य वा सन्दर्भबाट रहित हुन्छ । हास्यव्यङ्ग्य यस खालको खोक्रो रूप नभएको हुँदा यो छुट्टै शैली पनि होइन । साहित्यमा शैली अभिव्यक्तिको ढङ्ग हो भने हास्य र व्यङ्ग्यचाहिँ कृतिका माध्यमबाट पाठकका मानसपटलमा अङ्कित हुने मनोविनोदात्मक वा घोचपेचपूर्ण प्रभाव हुन् ।

हास्यले उपहासका माध्यमबाट हाँसो उत्पन्न गर्छ भने व्यङ्ग्यले कटाक्षका माध्यमबाट मर्मभेदकता अर्थात् व्यङ्ग्य उत्पन्न गर्छ । यथार्थमा यी दुवै भिन्नाभिन्नै साहित्यिक प्रभाव हुन्, किनभने हास्य मनोरञ्जनात्मक हुन्छ भने व्यङ्ग्य आक्षेपात्मक हुन्छ । हास्य सामान्यतः हलुका र मनोविनोदपूर्ण हुन्छ, तर व्यङ्ग्य गम्भीर र हृदयभेदी हुन्छ । यस दृष्टिबाट हास्य र व्यङ्ग्य दुई भिन्न भिन्न कुरा भए पनि यी दुवैमा सहभाव रहेको हुँदा कुनै रचनाभित्र सँगसँगै पनि रहन सक्छन् । त्यसैले हास्य मात्र हुने कृतिलाई हास्यरचना, व्यङ्ग्य मात्र हुने कृतिलाई व्यङ्ग्यरचना र हास्य एवं व्यङ्ग्य दुवै हुने कृतिलाई हास्यव्यङ्ग्य भनिन्छ । साधारण बोलीमा भने यी तीनैखाले रचनालाई हास्यव्यङ्ग्य भनिन्छ ।

निकै अघिदेखि पत्रपत्रिकामा हास्यव्यङ्ग्य लेखेर चर्चित रहेका बलदेव महतको 'फाइदै फाइदा' नामक यो हास्यव्यङ्ग्य सँगालो सम्प्रति (२०७४ मा) प्रकाशित हुँदै छ । यसमा सँगालिएका सबै रचनाहरू निबन्ध विधामा लेखिएका छन् र हास्यव्यङ्ग्यको साहित्यिक प्रभावले भरिपूर्ण छन् । हास्यव्यङ्ग्यका दृष्टिबाट हेर्दा तिनमा हास्यभन्दा बढी व्यङ्ग्य पाइन्छ । सङ्कलित १३ वटै रचनाले नहसाउने होइन, तर हसाउनेभन्दा बढी तिनले कटाक्षद्वारा मर्मभेदन गरेका छन् । हास्य र व्यङ्ग्य दुवैको प्रयोजन सुधार हो तापनि साहित्यमा सदैव हास्यभन्दा व्यङ्ग्यलाई उपल्लो ठानिने हुँदा व्यङ्ग्यको बढी महत्त्व हुनु स्वाभाविक नै हो । प्रस्तुत सँगालोमा पनि हास्यभन्दा व्यङ्ग्यलाई बढी महत्त्व दिइएको छ र प्रत्येक रचनाका माध्यमबाट जीवनका कटु एवं विकृत पक्षलाई स्पर्शी रूपमा प्रस्तुत गरिएको छ ।

**रथीका रूपमा सैन्यकर्ममा कार्यरत रहेर पनि साहित्यसाधनामा लागिरहने महत नेपाली सिर्जनाजगत्का बहुमुखी प्रतिभा हुन् । उनले हास्यव्यङ्ग्य निबन्धको मात्र होइन, नेपाली साहित्यका लागि कथाहरूको रचना समेत गरेका छन् । उनका कथाहरू २०६६ मा एकैवर्ष प्रकाशित 'अपुरो माया' र 'तिर्सना' नामक दुई कथासङ्ग्रहहरूमा सँगालिएका छन् । हास्यव्यङ्ग्यझैं उनका कथाहरू पनि समसामयिक यथार्थमा आधारित छन् ।**

'फाइदै फाइदा'मा रहेको पहिलो हास्यव्यङ्ग्य 'कल्पिए नारदजी' भन्ने निबन्ध हो । यो रचना स्वरकल्पना (फ्यान्टेसी) का रूपमा निर्मित छ, किनभने यसमा नारदको मर्त्यलोकको यात्राजस्तो असम्भाव्य यथार्थलाई सम्भाव्य यथार्थ तुल्याएर प्रस्तुत गरिएको छ । स्वरकल्पनाका कारण यो निबन्ध अत्यन्त रोचक एवं घतलाग्दो हुन पुगेको छ । ब्रह्माका आज्ञाले सबैभन्दा सस्तो ठाउँको खोजीमा पृथ्वी झरेका नारद सबैभन्दा सस्तो ठाउँका रूपमा एउटा हाकिमको घर देख्छन् । उसको तलब (वास्तवमा घूस)द्वारा जे पनि किन्न भ्याइने हुँदा उनले यस्तो ठानेका हुन् । विभिन्न आर्थिक विसङ्गति तथा हाकिमजस्ता भ्रष्टाचारीको चित्रण गरेर यसमा भ्रष्टाचारको उछित्तो काढिएको छ । बेलाबेला नारदको अडभाङे स्थिति दर्साएर हास्य उत्पन्न गर्न खोजिए पनि व्यङ्ग्य नै बढी रहेको देखिन्छ । भाषाप्रयोगमा तुकबन्दी वा अनुप्रासको बाहुल्य छ, जस्तै–सृष्टिरवृष्टिरदृष्टि, डढेकोरसढेको, दन्काउँदैरघन्काउँदै, घिउरजिउ, बाधारआधा आदि ।

दोस्रो रचना 'विद्यादान'मा विद्यालय खोल्ने प्रसङ्गद्वारा शैक्षिक क्षेत्रका विकृतिहरूलाई नङ्ग्याइएको छ । विद्यालय खोलेर मच्चाइने विविध भ्रष्टाचारको उद्घाटन चर्काचर्को व्यङ्ग्यको प्रयोगद्वारा गरिएको छ । लेखकले शिक्षाको निम्नस्तरीय व्यावसायीकरणको खिल्ली मजाले उडाएका छन् । यस रचनामा सुधारात्मक दृष्टिले गरिएका व्यङ्ग्यको पौल छ, तर हास्यको चाहिँ कमी नै रहेको देखिन्छ । अन्य सबै रचनाझैं तुकबन्दीको आधिक्य यसमा पनि छ । रचनामा तुकबन्दीको आधिक्य भयो भने भावको गाम्भीर्य नै खजमजिन्छ र रचना हलुका भएर सतहतिर उत्रिन खोज्छ ।

'छोरीको बिहे' भन्ने हास्यव्यङ्ग्य रचनामा शीर्षकसँग ठ्याम्मै मिल्दोजुल्दो बिहेसमस्या उठाइएको छ । असम्पन्न वर्गका लागि छोरीको बिहे ठूलो भाउँतो र सकस हो भन्ने यथार्थ यसमा सबल ढङ्गमा प्रस्तुत गरिएको छ । केटी हेर्न आउनेहरूको अनावश्यक भीडभाड, तिनको खानपानलगायत विभिन्न व्यवस्थापन, बिहेका निम्ति खल्ती रित्याएर सरसामान खरीद आदि भ्याउलाहरूको वास्तविक चित्रण यसमा रहेको छ । यसमा चरम व्यङ्ग्यको बोध त्यतिखेर हुन्छ जब सारा तयारीका साथ जन्ती दैलामा आउँदा केटी अफिसको पिउन ठिटासँग पोइल हिँडिदिन्छे । बिहेको पूर्ण तयारी गर्दागर्दै पनि केटी सुटुक्क भाग्नु विडम्बनापूर्ण विरोधाभास हो र यो विरोधाभास निकै कटु र मर्मभेदी छ । यसमा पनि अत्यधिक तुकबन्दी छ, तर "हावा फुस्केको भकुन्डोजस्तो" भन्ने एउटा उपमा पनि प्रयुक्त भएको पाइन्छ । यो रचना अपेक्षाकृत लामो भएकाले ठाउँठाउँमा शिथिल हुन पुगेको छ, तापनि रोचकतामा खासै कमी आएको छैन ।

'फाइदै फाइदा' यस सङ्ग्रहको शीर्षक लेख हो । यसै लेखका आधारमा प्रस्तुत पुस्तकको नामकरण गरिएको हुँदा सँगालामा यसको केन्द्रीय महत्त्व रहेको छ । यस रचनामा फाइदाको निरूपण व्यङ्ग्यात्मक पाराले गरिएको छ । निम्नबेतन वाला कर्मचारीले तलबमा कम नोट पाउने तथ्यलाई फाइदाको विषय बनाई यसमा कुराको उठान गरिएको छ । कम बेतन पाएपछि कम नोट गन्नुपर्ने फाइदा, कोटका खल्तीमा कमै कोच्नुपर्ने फाइदा, सस्तोमा छ्यासमिस चामल किन्दाको फाइदा, रहलपहल तिहुनतरकारी कम दाममा किन्दाको फाइदा, पेटीमा राखिएका सस्ता लुगाफाटा किन्दाको

फाइदा आदि जस्ता जीवनका हरेक क्षेत्रमा फाइदै फाइदाको वर्णनद्वारा यसमा हास्यव्यङ्ग्य उत्पन्न गरिएको छ ।

'विदेश यात्रा' निबन्धमा विदेश घुम्न जाँदाको रमाइलो र त्यहाँका अनौठा अनुभवको चोटिलो वर्णन छ । विदेश जाने तयारीको परिहासपूर्ण चित्रण एकदमै मनोविनोदात्मक लाग्छ । यसमा व्यङ्ग्य र विनोदको चरम रूप त्यतिखेर देख्न पाइन्छ जब विदेशमा चिनजान भएको कुनै परिवार नेपालको भ्रमणमा आउँछ । होटेल, वाहन आदि सबै कुराको प्रबन्ध आफ्नै खर्चमा मिलाउनु पर्ने हुँदा 'म'ले त्यसतर्फ विभिन्न भाउँतो बेहोरेको प्रसङ्ग निकै रोचक ढङ्गमा अघि सारिएको छ । सानासाना कुराद्वारा सबल व्यङ्ग्य उत्पन्न गर्नु लेखक महतको विशिष्ट पक्ष हो । यसलाई पनि अपेक्षाकृत लामो रचना भन्नुपर्छ ।

अरू सबै कान्छी प्रिय भए पनि कान्छीआमा र काम गर्ने केटी कान्छी अप्रिय हुन्छन् भन्ने कुराबाट आरम्भ भएको यो 'कान्छी' शीर्षक लेख त्रासद अन्त्यका साथ टुङ्गिएको छ । यसमा कान्छीको बानीबेहोरा, उसका कमीकमजोरी, उसको उपेक्षा, उसको उपयोगिता, उसको महत्त्व आदिको वर्णन निकै घाउ र घत लाग्ने गरी रोचक पाराले गरिएको छ । ऊ किशोरी भएर लरक्क जोबन झल्केपछि घरकै छोराले उसलाई पेट बोकाउँछ र अन्ततः उसले मृत्यु वरण गरेर गल्लीको लावारिस लासमा रूपान्तरित हुनुपर्छ । यस्तो दुखद अन्त्य चित्रित गरेर लेखक महतले उसतर्फ सबैको सहानुभूति तान्ने प्रयास गरेका छन् ।

'के गरू ?' निबन्ध सानो आय भएका व्यक्तिको उकुसमुकुस र धरमरसँग गाँसिएको छ । अपर्याप्त आमदानी र महँगीजनित अभावमा पिल्सिएर सङ्घर्षरत आममान्छेको छटपट यसमा मार्मिक ढङ्गमा प्रस्तुत गरिएको छ । जागिरको तलबबाट जीवन धान्न नपुग्ने भएपछि त्यसलाई छाड्न पनि नसकिने र थाम्न पनि नसकिने स्थितिको चित्रण लेखक महतले व्यङ्ग्यको गहिरो रङमा मुछेर गरेका छन् । निम्नबेतन भोगीले कुनै नयाँ काम थालेर अभावबाट मुक्त हुन खोजे पनि त्यो सरल नरहेको परिस्थिति यसमा मनोरञ्जक ढङ्गमा दर्साइएको छ । बस चलाउने, माछा पाल्ने आदि विभिन्न कामहरू सोचे पनि कुनै काम गर्ने स्थिति नरहेको रोचक वर्णन यसमा छ । म 'के गरूँ' भन्ने दोधारमै निबन्ध समाप्त हुन्छ । लेखकले यसमा अभावग्रस्त व्यक्तिको सकस जीवन्त ढङ्गमा उपस्थित गरेका छन् ।

'धर्मकर्म'मा शीर्षकअनुसार धार्मिक विसङ्गतिको चित्रण छ । लेखकले धर्मकर्मका विभिन्न पक्षहरूलाई सामुन्ने ल्याएर तिनमाथि कडा कटाक्ष गरेका छन् । यसमा धार्मिक प्रतियोगिता गराउने कुरो पनि उठाइएको छ । यस्तो प्रतियोगिता भएमा कुन धर्म ठूलो वा राम्रो भन्ने सहजै छुट्टिने थियो र धार्मिक झैंझगडा समाप्त हुने थियो भन्ने लेखकको मत छ । आफूले पनि आफ्नै किसिमले धर्मकर्म गर्ने र अरूलाई पनि आफ्नै किसिमले धर्मकर्म गर्न दिने मध्यम बाटाको सुझाउ दिएर लेखकले प्रभावकारी ढङ्गमा यस लेखको बिट मारेका छन् ।

'रहर'मा रहर तुहिएको कथाव्यथा लेखकले मार्मिक ढङ्गमा अभिव्यक्त गरेका छन् । बूढा आमाबाबुले खुब रहर गरी छोरालाई पढाएर ठूलो मान्छे बनाएको, तर ठूलो मान्छे बनेर छोराले आमाबाबुको वास्ता नगरेको विडम्बना यसमा छ । वर्तमान पारिवारिक दुर्दशाको यथार्थ चित्रण गर्ने यस लेखमा लेखक महतले बूढाबूढीका पीरको वास्तविक चित्रण गरेका छन् ।

'चुनाव जितियो' शीर्षक लेखमा सपनामा चुनाव जितेको रमाइलो वर्णन छ । लेखकले चुनाव जितेपछिका मोज एवं आनन्दको चित्रण र त्यसैसँग डोरिएर आएका अनेक विसङ्गतिहरूको बखान परिहास एवं कटाक्षका तीव्र स्वरमा गरेका छन् । बधाई दिनेहरूको ताँती देखेर गर्वले छाती उचालिएको भन्ने भनाइका माध्यमबाट लेखकले निकै गहिरो व्यङ्ग्योक्तिको प्रयोग गरेका छन् । राजनैतिक भ्रष्टाचारको झलक प्रस्तुत गर्ने यस लेखमा हास्यव्यङ्ग्यकार महतले विकृतिको ठूलो पाटो देखाएका छन् । भ्रष्टाचार गरेर घर बनाउने र गाडी किन्ने सुर गर्दागर्दै 'म' सपनाबाट ब्यूँझिन्छ र यस लेखको रमाइलो समापन पनि हुन्छ । यसमा हास्य र व्यङ्ग्यको राम्रै सङ्गम छ ।

'लट्ठी' शीर्षक रचनामा यो शक्तिको प्रतीक भएर आएको छ । लेखकले यसमा लट्ठीको निहुँ पारेर शक्तिका खेलहरूको वर्णन गरेका छन् । लट्ठीलाई सबैले चिनेको वस्तु बताउँदै यसको स्वाद पनि सबैले नै चाखेको तथ्य यसमा जनाइएको छ । लट्ठीका विभिन्न प्रकारहरूको उल्लेख गर्दै राजनीतिमा यसको व्यापक प्रयोग हुने प्रसङ्गहरू कोट्याइएका छन् । यस रचनाको समापन अत्यन्त मार्मिक प्रसङ्गबाट गरिएको छ । लट्ठी बहुउपयोगी भए पनि यो भाँचिने र यसलाई कीराले खाने आदि भएकाले दिगो हुँदैन भन्ने कथनद्वारा अन्त्यमा शक्ति नाशवान् हुन्छ भन्ने तथ्यतर्फ ध्यानाकर्षण गरिएको छ ।

प्रतीकार्थमा 'चम्चा'ले चाकडीबाजलाई र चम्चागिरीले चाकडीलाई जनाउँछ । यसमा यिनैको अपरम्पार महिमा र गरिमाको वर्णन गरिएको छ । सर्वत्र चम्चागिरीको व्यापकता देखाउँदै यसका अनेक फाइदाहरूको विवरण घतलाग्दो पाराले प्रस्तुत गरिएको छ । यस लेखले चम्चा राम्ररी प्रयोग गर्न सिकौं र आफ्नो इज्जत जोगाऔं भन्ने सन्देश दिइएको छ । महतको यो लेख हास्य र व्यङ्ग्यको चासनीमा राम्रैसँग डुबेको छ ।

यस सँगालाको अन्तिम रचना 'बन्दको फाइदा' हो । यसमा बन्दका फाइदा र बेफाइदा देखाएर त्यसका सङ्गति र विसङ्गतिमाथि विनोदी पाराले प्रकाश पारिएको छ । बन्दबाट फाइदा उठाउनेहरूको कैरन देखाएर तिनको छद्मचरित्रता उदाङ्गो पारिएको छ । अन्त्यमा लेखकले आधुनिक राजनीतिद्वारा ल्याइएको सबैभन्दा राम्रो काइदा बन्दबाट फाइदै फाइदा छ भन्दै कलम रोकेका छन् ।

हास्यव्यङ्ग्यकार महतका निबन्धहरूमा हास्य र व्यङ्ग्यमध्ये व्यङ्ग्यको प्रचुरता छ । हास्य सुखात्मक यथार्थसँग जोडिएको हुँदा कामदी (कमेडी) हुन्छ र व्यङ्ग्य दुखात्मक यथार्थसँग जोडिएको हुँदा अधिकांशतः त्रासदी (ट्रेजेडी) हुन्छ भन्ने मान्यताअनुसार व्यङ्ग्यको उद्देश्यभन्दा हास्यको उद्देश्य (जस्तैः हाँसपरिहाँस, मनोविनोद आदि मनोरञ्जन)लाई हलुका र अगम्भीर मानिन्छ । त्यसैले आधुनिक साहित्यमा हास्यको कम र व्यङ्ग्यको बढी प्रयोग गरिन्छ ।

आधुनिक साहित्यचिन्तकहरूले पनि व्यङ्ग्यलाई सिर्जनाको सबैभन्दा बलशाली शक्ति मान्ने हुँदा वर्तमानमा व्यङ्ग्य नभएको साहित्यलाई प्रभावरहित साहित्य ठानिन्छ । यस दृष्टिबाट प्रस्तुत सँगालामा हास्यभन्दा व्यङ्ग्य बढी हुनु महत्त्वपूर्ण देखिन्छ । यसको तात्पर्य महतले हास्यको प्रयोग गरेका छैनन् भन्ने होइन, बरू हास्यभन्दा व्यङ्ग्यको प्रयोग बढी गरेका छन् भन्ने मात्र हो । यसमा प्रयुक्त व्यङ्ग्यहरू प्रायः स्पर्शी र प्रभावशाली छन् ।

हास्यव्यङ्ग्य उत्पन्न गर्ने विभिन्न युक्तिमध्ये एउटा तुकबन्दी वा अनुप्रास अलङ्कारको प्रयोग पनि हो । महतले आफ्ना रचनाहरूमा यस युक्तिको मनग्य उपयोग गरेका छन्, जसकारण उनको भाषामा प्रशस्त लयात्मकता उत्पन्न हुनाका साथै हास्यव्यङ्ग्य पनि प्रवाहित भएको छ । यहाँ हेक्का गराउनु पर्ने कुरो के मात्र छ भने बलदेव महतले प्रत्येक निबन्धमा तुकबन्दीको अत्यधिक प्रयोग गरेका छन् । यसको आधिक्य हुँदा रचनामा शब्दाडम्बर बढ्छ र भाव पातलो भई त्यसको गाम्भीर्य घट्छ । लेखक तुक मिल्ने शब्दहरूको खोजी गरेर सतहमै अलमलिरहने र अर्थको गहिराइतिर नपस्ने हुँदा यसको आवश्यक, सीमित तथा संयमित प्रयोग गर्नु उचित हुन्छ ।

यससँगै उपमा, रूपक, बिम्ब, प्रतीक आदि सादृश्यविधानहरूको समेत प्रयोग गर्दा कथनमा विविधता र गहनता आउँछ । साथै केही रचनाहरूलाई बढी लम्ब्याइएको हुँदा ती स्फीत हुन पुगेका छन् । यी केही कमीकमजोरीबाहेक बलदेव महतका हास्यव्यङ्ग्यहरू उत्तम कोटिका छन् । अन्त्यमा, उनको कलम झन्झन् तिखारिएर उन्नतितर्फ लागोस् भन्ने शुभकामना दिँदै आफ्नो भनाइ समाप्त गर्छु । ◆◆

# वाङ्मयको सेवा र पाठकको रूचिमा समेत योगदान दिन पाउँदा "फाइदै फाइदा" जुरेर आयो : सत्याल पब्लिकेसन

वाङ्मय राष्ट्रको सम्पदा हो । यसले जनताको मौलिक परिचय बताउँछ । राष्ट्रिय संस्कृतिको जगेर्ना गर्छ । परम्परा पुस्तान्तरणमा सघाउँछ । जीवनका समग्र पक्षको चित्रण गर्छ । यसैले वाङ्मय सिङ्गै राष्ट्रको उन्नति–प्रगतिको आधारशिला मानिन्छ । वाङ्मयको श्रीवृद्धिले देश र जनता समृद्ध बनाउँछ । यसर्थ सज्जनहरू वाङ्मयको सेवामा समर्पित रहन्छन् । सत्याल प्रकाशनले पनि व्यवसायसँगै नेपाली भाषा साहित्यको विकासमा भरथेग गर्दै आएको छ । विगत लामो समयदेखि प्रकाशनको क्षेत्रमा आफ्नो उज्यालो छवि कायम गर्दै आएको सत्याल प्रकाशनले यसपटक फरक विषयको भिन्न स्वाद पस्किने जमर्को गरेको छ ।

प्रकाशक तथा वितरक
सत्याल प्रकाशन एन्ड डिस्ट्रिब्युटर्स प्रा.लि.
डिल्लीबजार, काठमाडौं
फोन नं. ०१-४४३८०००, ४४३४५८९
इ-मेलः satyalprakashananddistributor@gmail.com

राष्ट्र सेवाको सिलसिलामा लामो समय नेपाली सेनामा कार्यरत रही रथी दर्जाबाट हालसालै अवकाश प्राप्त गर्नुभएका बलदेव महतद्वारा जीवनानुभूति समेटेर लेखिएको हास्यव्यङ्ग्य सँगालो 'फाइदै फाइदा' प्रकाशनको अवसर मिलेको छ । यसमा हाम्रै वरिपरिको समाजमा भएघटेका घटनाहरूको चित्रण छ । मान्छे समाजमा चलिरहेको, खेलिरहेको, हिँडिरहेको र बाँचिरहेको छ तर बचाइसँग के कस्ता विसङ्गतिहरू पनि सँग-सँगै हुर्किएका छन् त भन्ने जिज्ञासाको गतिलो जबाफ हुन सक्छ स्रष्टा महतको 'फाइदै फाइदा' हास्यव्यङ्ग्य सँगालो ।

यस हास्यव्यङ्ग्य सँगालाले पाठकलाई एक किसिमको स्वाद दिन्छ, व्याप्त विसङ्गतिहरूसँग परिचित गराउँछ, मनोरञ्जन गराउँछ, आफूलाई त्यस्ता बेथितिहरूबाट जोगिन सल्लाह दिन्छ । त्यसैले पाठकवृन्दलाई मनपर्नेछ भन्ने प्रकाशन गृहलाई विश्वास लागेको छ । यस्ता कृतिहरूको प्रकाशन गरी वाङ्मयको सेवा र पाठकको रुचिमा समेत योगदान दिन पाउँदा हामीलाई खुसी लागेको छ । अन्त्यमा यस्तो कृति प्रकाशनको साइत जुराइदिने स्रष्टा महत र यसमा भूमिका लेखी कृतिको गरिमा बढाइदिने आदरणीय व्यक्तित्व प्रा.मोहनराज शर्मालाई धन्यवाद ज्ञापन गर्दछौं ।

**लेखकको चिनारी**

| | |
|---|---|
| नाम | : बलदेवराज महत |
| जन्ममिति | : २०१६/०७/१७ गते |
| शैक्षिक योग्यता | : स्नातक |
| जन्मस्थान | : पनौती नपा-१०, पस्थली, महतगाउँ, काभ्रे |
| स्थायी ठेगाना | : पनौती नपा-१०, पस्थली, महतगाउँ, काभ्रे |
| अस्थायी ठेगाना | : बूढानीलकण्ठ नपा-९, मण्डिखटार, काठमाडौं |
| पिता | : स्व. गम्भीरसिंह महत |
| माता | : स्व. गजेन्द्रकुमारी महत |
| श्रीमती | : श्रीमती माधवी महत |
| छोरीहरू | : श्रीमती सविना शाह, सुश्री सुदेषणा महत |
| छोरा | : श्री शैलेशराज महत |
| सरकारी सेवा | : नेपाली सेनामा ३८ वर्ष सेवा गरी रथी (Lieutenant General) दर्जाबाट अवकाश |
| टेलिफोन | : ०१४३७५२२२ |
| मोबाइल | : ९८५१०८७४६६ |
| प्रकाशित कृति | : अपुरो माया (कथा संग्रह)-२०६६<br>तिर्सना (कथा संग्रह)-२०६६ |
| Email | : mahatbaldev1181@yahoo.com |

# महतको हास्यव्यङ्ग्य बजारमा

हालै राजधानीस्थित भोजनगृह, डिल्लीबजार ओरालोमा आयोजित विमोचन समारोहमा नेपाली सेनाका पूर्व रथी बलदेव महतद्वारा लिखित कृति "फाइदै फाइदा" हास्यव्यङ्ग्य सङ्ग्रहको विमोचन गरियो ।




नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति गंगा प्रसाद उप्रेतीको प्रमुख आतिथ्यतामा विमोचित पुस्तक फाइदै फाइदा उत्कृष्ठ हास्यव्यङ्ग्य संग्रह रहेको कुरा विशिष्ठ अतिथि एवं वक्ता प्रा. मोहनराज शर्माले बताउँनु भयो । पत्रकार शंकर कार्कीले पनि वक्ताको रूपमा महतको कृतिले नेपाली भाषा-साहित्यमा नयाँ सन्देश प्रवाह गरेको कुरा बताउँदै महतको उज्वल भविष्यको कामना पनि व्यक्त गर्नु भएको थियो ।

खेमलाल पोखरेलले स्वागत मन्तव्य राख्नु भएको विमोचन समारोहमा मदन मानन्धर, वासु काफ्ले, बालकृष्ण श्रेष्ठ लगायत विभिन्न सञ्चार माध्यमबाट पाल्नु भएका पत्रकारहरू एवं सयौंको संख्यामा साहित्यकार तथा विद्वान्हरूको पनि उपस्थिति देखिन्थ्यो । आफूलाई लेखन विधा मन परेपछि लेख्दै जाँदा यस्ता कृतिहरू जन्मिदै गएको कुरा पुस्तकका लेखक बलदेव महतले बताउनु भयो । साहित्यकार छायादत्त न्यौपानेले विमोचन समारोह कार्यक्रम सञ्चालन गर्नु भएको थियो भने **कार्यक्रमको अध्यक्षता समाजसेवी अजय कुमार सत्यालले गर्नु भएको थियो । महतलाई अग्निचक्रको हार्दिक शुभकामना ।**



# पद्धति र प्रवृत्तिहरुप्रति सचेतना जगाउँने उद्देश्य हो मेरो

म सानैदेखि केही फाटफुट लेख्ने र त्यसलाई काटकुट पारेर तयार गरी साटसुट रूपमा नजिकका साथीहरूलाई सुनाउने गर्थें । विद्यालय पढ्दा अलि-अलि लेखियो र साथीहरूले मन पराएको हो कि जस्तो पनि देखियो । दस कक्षामा पढ्दा एउटा छोटो हास्य लेख लेखेर आदरणीय गुरु रघुराम क्षेत्रीलाई देखाउँदा उहाँ निकै खुसी हुनुभए पनि लेख ठिकै रहेको प्रतिक्रिया दिनुभएको थियो । एसएलसी उत्तीर्ण गरेपछि रत्नराज्यलक्ष्मी क्याम्पसमा पढ्दा प्रमाणपत्र तहको पाठ्यक्रममा रहेको श्रद्धेय भैरव अर्यालको जयभुँडी हास्यव्यङ्ग्य सङ्ग्रह पढेपछि र त्यसको शैली मनमा गढेपछि त्यस्तै शैलीमा लेख्ने प्रयास गर्दै छोटा-छोटा लेखहरू लेखी साथीहरूलाई देखाउँदा सीमित समूहमा मात्रै भए पनि लेखहरू राम्रो भएका प्रतिक्रियाहरू पाइयो, साथीहरूको बधाई पनि खाइयो । एकपल्ट अनिवार्य नेपाली कक्षामा प्राध्यापक श्रीमती रमा शर्माले क्याम्पसको सफाइ सम्बन्धमा छोटो निबन्ध लेख्न लगाउँदा मैले कनिकुथी भए पनि त्यसै शैलीमा हास्य निबन्ध लेखे पनि आफैले पढेर सुनाउन असजिलो लागेको र साथी राजु खड्का (हाल अमेरिका) ले पढेर सुनाउन मागेको हुनाले उसलाई दिएको थिएँ ।

पढेर सुनाएपछि उसले स्याबासी पनि पायो, साथीहरूको बधाई पनि खायो र उसले पढेर सुनाएको भए पनि मलाई पनि अलि-अलि लेख्ने प्रेरणा आयो । हाम्रा सहपाठी मित्र शंकर कार्की 'नयाँ किरण' साप्ताहिक पत्रिकामा काम गर्ने र त्यही पत्रिकामा लेखहरू लेख्न अघि सर्ने गर्नु हुँदो रहेछ । मैले हास्यव्यङ्ग्य लेखेमा र सम्पादक नरेन्द्रबिलास पाण्डेले छाप्न उचित देखेमा उहाँको पत्रिकामा छाप्न सकिने कुरा उहाँले बताउनुभयो अनि लेख्नको लागि मलाई तताउनुभयो । मैले पनि समसामयिक विषयहरूमा हास्यव्यङ्ग्य लेख्न थालें, साथीले भनेअनुसार लेखाइमा पाइला चालें, सम्पादकको आवश्यकता अनुसार आफ्ना लेखहरूलाई ढालें, राम्रो लेखक बन्ने सपना मनमा पालें र नयाँ किरण साप्ताहिकमा छाप्नको लागि दिइहालें । यो २०३५ सालको कुरा हो । यसबाट पत्रिकामा लेख छपाउने र मनमा लागेका केही अप्ठ्याराहरूलाई धपाउने मेरो रहर पनि पूरा भयो । २०३६ सालको पुस माघसम्म महिनामा एक दुई वटा मेरा हास्यव्यङ्ग्यहरू नयाँ किरण साप्ताहिकमा आइरहे र राम्रै प्रतिक्रियाहरू पाइरहें ।

२०३६ सालको फाल्गुणमा म नेपाली सेनाको अधिकृत क्याडेट छनौट परीक्षामा उत्तीर्ण भएँ र अधिकृत आधार तालिमको लागि सैनिक शिक्षालयमा गएँ । सैनिक तालिम सुरु भएपछि शिक्षकहरूको कडाइ, सैनिक अधिकृतको लागि आवश्यक गुण, क्षमता, दक्षता विकास गर्दै लैजानको लागि तयार गरिएको विश्वस्तरको पाठ्यक्रम अनुसारको सैद्धान्तिक र व्यावहारिक सिकाइ, शारीरिक तन्दुरुस्ती, शारीरिक सुगठन र मानसिक सहिष्णुताको क्रमिक विकासको लागि शरीरले धान्न, दिमागले मान्न र आफ्नो जिउले तान्न पनि सक्दैन कि जस्तो लाग्ने चौबीसघण्टे कार्यतालिकाले मेरो हास्यव्यङ्ग्य लेखाइ त कता गयो कता मेरो क्याम्पसका ज्यादै आत्मीय रहेका सहपाठी मित्र गोकुल बानियाँ (हाल अमेरिका) ले २०३८ सालमा एउटा हास्यव्यङ्ग्य संग्रह लेख म प्रकाशित गर्छु भनेर हत्ते गर्दा पनि व्यावसायिक मर्यादाले गर्दा मैले त्यो काम फत्ते गर्न सकिनँ । सैनिक पेसा अँगालेपछि व्यावसायिक क्षमता अभिवृद्धि, अनुशासन, सैनिक ऐन, नियम, निर्देशन, सैनिक मूल्यमान्यता, मर्यादा तथा सैनिक परम्परालाई मैले सदैव प्रथामिकतामा राखेँ अनि यसैले गर्दा जिम्मेवारीका सबै खाले अनुभवहरू चाखेँ । सैनिक अधिकृतको रूपमा विभिन्न स्थानमा कार्यरत रहँदा र फेरि लेख्न सुरु गर्नुपर्छ कि भन्ने भावनामा समय-समयमा बहँदा पनि मैले धेरै वर्षसम्म फेरि लेख्न सकिँन ।

भोजपुरमा कार्यरत रहेको बेला वरिष्ठ पत्रकार हरिहर विरहीको प्रेरणाले धेरै वर्षको अन्तराल पछि २०४८ सालको मङ्सिरमा साप्ताहिक विमर्शमा मेरो एउटा हास्यव्यङ्ग्य छापियो र यसैबाट हास्यव्यङ्ग्य लेखनतर्फ पुनः पाइला नापियो । उहाँले मलाई लेख्नुहोस् भनेर हौस्याई प्रेरणा दिइरहनुभयो र साप्ताहिक विमर्शमा छाप्नको लागि मेरा लेखहरू लिइरहनुभयो । साप्ताहिक विमर्शमा “सागर महत” नामबाट मेरा लेखहरू प्रकाशित हुन्थे र पाठकहरूको मन राम्रैसित छुन्थे । यसको लागि मलाई भाइ नरेन्द्र उलकको पनि साथ र सहयोग रहेको थियो । मेरो लामो विदेश तालिम र शान्ति स्थापना कार्यमा संलग्नताले निरन्तरता दिन नसके पनि मेरा रचनाहरू छापिने क्रमचाहिँ साप्ताहिक विमर्शको व्यवस्थापन परिवर्तन नहुन्जेलसम्म कायम रहेको थियो । त्यस्तो भए पनि फुर्सदमा अलि-अलि लेख्दै राख्दै र लेखाइको आनन्द चाख्दै गर्ने काम चाहिँ निरन्तर रह्यो ।

लामो समय केही नलेखी त्यत्तिकै बसेको देखिए पनि फेरि लेख्न कम्मर कसेको देखेर पत्रकार केदार ओझा भाइको पहल, प्रेरणा र सहयोगबाट कान्तिपुर दैनिक पत्रिकामा “आत्माराम” नामबाट २०५५ कार्तिकदेखि महिनामा एउटा दुईटा मेरा हास्यव्यङ्ग्यहरू छापिन थाले र पढ्नेहरूले मेरो लेखनलाई राम्रै श्रेणीमा हाले । कान्तिपुर दैनिकले हास्यव्यङ्ग्य स्तम्भको ठाउँमा पाठक मञ्च सुरु गरेपछि कान्तिपुरको मेरो लेखाइ रोकियो र सहपाठी मित्र शंकर कार्कीको सम्पादन रहेको जानकारी साप्ताहिकमा गएर ठोकियो । जानकारी साप्ताहिकमा बेला-बेलामा मेरा हास्यव्यङ्ग्यहरू आत्माराम नामबाटै प्रकाशित भए र अलि-अलि थपिँदै गए । मित्र शंकर कार्कीकै अनुरोधमा २०६९ असोजबाट जानकारी साप्ताहिकको स्तम्भकै रूपमा प्रत्येक हप्ता मेरा हास्यव्यङ्ग्यहरू छापिन सुरु भयो र यसबाट मेरो लेखाइको मेलो पनि निरन्तरतातिर सऱ्यो । यो निरन्तरता अहिलेसम्म पनि कायम रहेको छ । यसबाहेक काभ्रे सेवा समाजको वार्षिक मुखपत्र “काभ्रेली गुञ्जन” र अन्य एक दुई अवसरमा बि.महतको नामबाट पनि मेरा लेखहरू प्रकाशित भएका छन् अनि पाठकहरू समक्ष गएका छन् । यीमध्ये नयाँ किरण साप्ताहिकमा छापिएका लेखहरू अहिले मसँग छैनन् कता हराए जतन नगरेको देखेर नजिकका साथीहरू मसँग असन्तुष्ट भएर कराए । त्यसबाहेक अरू पत्रिकामा छापिएका

हास्यव्यङ्ग्यहरू मैले सँगालेर राखेको हुनाले भविष्यमा तिनलाई पनि क्रमशः सङ्ग्रहको रूपमा प्रकाशित गर्दै लैजाने विचार अँगालेर बसेको छु । यस सङ्ग्रहमा प्रकाशित भएका हास्यव्यङ्ग्यहरू चाहिँ पत्रिकामा प्रकाशित गर्नुभन्दा पनि सङ्ग्रहकै रूपमा निकाल्ने उद्देश्यले लेखिएका हुनाले अलि लामा देखिएका छन् । यीमध्ये तीनवटा (चम्चा, बन्दका फाइदा र छोरीको बिहे) भने "काभ्रेली गुञ्जनमा" प्रकाशित भइसकेका र पाठकहरू माझ एकपटक गइसकेका छन् ।

सन् १९९५ मा पूर्व युगोस्लोभियाको बोस्निया राज्यको राजधानी सारायभो सहरको बाहिर बोस्नियन सर्वहरूको बस्ती रहेको भोगोस्चा भन्ने स्थानमा संयुक्त राष्ट्रसंघको शान्ति स्थापना कार्यमा सैनिक पर्यवेक्षकको रूपमा कार्यरत रहँदा बोस्नियन सर्व सैनिकहरूले सर्व इलाकामा खटिएको म समेत विभिन्न राष्ट्रका ३२ जना सैनिक पर्यवेक्षकका साथै अन्य केही सैनिकहरूलाई NATO (North Atlantic Treaty Organisation) को हवाई हमला विरुद्ध मानव ढालको रूपमा प्रयोग गर्ने उद्देश्यले बन्दी बनाएको र हाम्रो जीवन रक्षाको लागि संयुक्त राष्ट्र संघले NATO लाई हवाई हमला रोक्न मनाएको हुनाले पटक-पटक गरी १९ दिनपछि हामी सबै मुक्त भयौँ । सोही बारेमा "सारायभोको डायरी" संस्मरणात्मक लेख लेखेको थिएँ । भाइ ज्योतिन्द्रबहादुर खत्रीको सल्लाह अनुसार उक्त लेख २०५४ सालमा नेपाली सेनाको मुखपत्र "सिपाही" वार्षिक पत्रिकामा छापिएपछि केही वर्षसम्म हरेक वर्ष सिपाही पत्रिकामा निरन्तर रूपमा मैले कथाहरू लेखिरहेँ ।

यसै सिलसिलामा २ पटक लेखतर्फ मेरा कथाहरूले द्वितीय पुरस्कार पाए र मेरा कथाहरू पनि अलि-अलि गिन्तीमा आए । ती कथाहरू र अरू थप केही कथाहरू लेखेर २०६६ सालमा मेरो "तिर्सना" र "अपुरो माया" कथा सङ्ग्रहहरू प्रकाशित भए र पाठकहरू समक्ष पुगे । कार्य व्यस्तताले त्यसपछि कथा लेखनमा बिराम लागेको भए तापनि अब त्यता पनि कलम चलाउने विचार मनमा जागेको छ । नेपाली सेनामा अविछिन्न ३८ वर्ष सेवा गरी एउटा सैनिक अधिकृतले वहन गर्नुपर्ने महत्त्वपूर्ण र गहन जिम्मेवारीहरू पूरा गर्दै रथी (Lieutenant General) दर्जाबाट २०७४ / ०७/१७ गतेको मितिबाट उमेरको हदले सेवा निवृत्त भएको छु । जिम्मेवार सैनिक अधिकृतको रूपमा राष्ट्र र नेपाली सेनाले सुम्पेका सबै दायित्वहरूलाई उत्कृष्ट ढङ्गले पूरा गरी इज्जत, प्रतिष्ठा, गौरव र आत्मसन्तुष्टिसहित मर्यादित अवकाश लिएको छु । अब बाँकी जीवनपर्यन्त लेखन कार्यमै लाग्ने, साहित्य लेखनकै लागि जाग्ने र यसैको लागि सबैको प्रेरणा, सहयोग, सल्लाह र सुझाव माग्ने सोच बनाएको छु ।

साहित्यमा हास्यव्यङ्ग्य अलि जटिल फाँट भए तापनि केही आँट गरेर राजनैतिक, सामाजिक, आर्थिक र अन्य क्षेत्रतिर पनि नेत्र पुऱ्याएर यो संग्रह तयार गरिएको छ । यो संग्रहले कसैलाई व्यक्तिगत रूपमा औँल्याउने र आक्षेप लगाउने भन्दा पनि पद्धति र प्रवृत्तिहरूप्रति सचेतना जगाउने मात्रै उद्देश्य राखेको छ । कसैको व्यक्तिगत जीवनसँग मेल खान गएमा वा मिलेमा संयोग मात्रै हुने कुरा पनि यहाँ स्पष्ट पार्न, त्यस्तो भइरहेको भए क्षमा याचना सहित टार्न, पढेर रिस उठेमा आफ्नो रिसको पारोलाई झार्न र **यस संग्रहमा रहेका लेखहरू राम्रो लागेमा पढेर आनन्दले स्वाद मार्न समेत सबैमा अनुरोध गर्न चाहन्छु ।**

यो संग्रह तयार गर्न सुरुदेखि घच्घचाउनु हुने मित्र शंकर कार्की, सानैमा प्रेरणा दिनुहुने आदरणीय गुरु रघुराम क्षेत्री, वरिष्ठ पत्रकार हरिहर विरही र पत्रकार केदार ओझाप्रति आभार व्यक्त गर्न चाहन्छु । प्रेरणा, हौसला, र अन्य सहयोग गर्नुहुने आदरणीय दाइ ज्ञानेन्द्रविक्रम महत, केशव बर्तौला, झपटबहादुर था.म., डा.महेन्द्रजंग शाह, आत्मीय मित्र रमीन्द्र क्षत्री, काभ्रे सेवा समाजका अध्यक्ष प्रल्हाद के.सी., महत समाजका अध्यक्ष भाइ डा.कुसेन्द्र महत, वरिष्ठ गीतकार तथा साहित्यकार राजेन्द्र थापाप्रति पनि कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

सधैँभरि शुभचिन्तक र प्रेरणादायी रहनुहुने साहित्यकार तथा समाजसेवी आदरणीय काका स्व. भरतराज महत, समाजसेवी आदरणीय काका स्व.ईश्वरराज महत, आदरणीय बुवा स्व.गम्भीरसिंह महत, आदरणीय दाइ स्व. केशवराज महत र आदरणीय गुरु स्व.पूर्णप्रसाद सत्याललाई पनि श्रद्धापूर्वक स्मरण गर्न चाहन्छु ।

**"फाइदै फाइदा" मा १३ वटा निबन्धहरु निम्न शिर्षकमा समेटिएका छन् :**

- कल्पिए नादरजी
- विद्यादान
- छोरीको बिहे
- फाइदै फाइदा
- विदेश यात्रा
- कान्छी
- के गरुँ ?
- धर्मकर्म
- रहर
- चुनाव जितियो
- लट्ठी
- चम्चा
- बन्दको फाइदा

यस संग्रहमा सँग्रहीत लेखहरू निकै वर्ष लगाएर भोजपुर, काठमाडौँको बागवजार, काभ्रेको पनौती पस्थली, नुवाकोटको मैथली त्रिशूली, चितवनको भरतपुर, झापाको चारआली, सुर्खेतको निमारे र दाङको तुल्सीपुरमा लेखिएको हुनाले त्यहाँका सहृदयी एवम् सहयोगी बासिन्दाहरू र आत्मीय वातावरणलाई सद्भावपूर्ण धन्यवाद व्यक्त गर्न चाहन्छु ।

मेरा लेख रचनाहरूको प्रथम पाठकको रूपमा मेरा रचनाहरू झर्को नमानीकन पढेर अर्को पनि लेख्न हौस्याउने मेरी श्रीमती माधवी महत, छोरी श्रीमती सविना शाह, ज्वाई पारसविक्रम शाह, छोरा शैलेश, बुहारी रिश्मा र छोरी सुदेषणालाई धन्यवाद दिन चाहन्छु । सत्याल प्रकाशनका अजयकुमार सत्याल, श्रीमती प्रभा सत्याल, श्रीमती प्रतिमा उप्रेती (प्रसाई), भूमिका लेखी सहयोग पुऱ्याउनुहने आदरणीय प्रा.मोहनराज शर्मा, व्याकरण शुद्धाशुद्धी तथा सम्पादनमा सहयोग गर्नुहुने छायादत्त न्यौपाने र खेमलाल पोखरेल, टाइप सेटिङ गर्नुहुने प्रेमबहादुर चन्द, तुलबहादुर दर्जी, कमल आचार्य र आवरण डिजाइन तथा अन्य सेटिङ गरी सहयोग पुऱ्याउने हरिकिशोर यादवलाई विशेष धन्यवाद दिन चाहन्छु । बाँकी कुराहरू मेरा लेखहरू पढेर मन्थन गरिदिनुहुन पाठकवृन्दलाई अनुरोध गर्दै आफ्नो गन्थन यहीँ टुङ्ग्याउँछु । धन्यवाद । ◆◆

# कृपा फाउण्डेसनको ऐतिहासिक प्रथम वार्षिकोत्सव सम्पन्न





हालै राजधानीमा आयोजित कृपा फाउण्डेसनको पहिलो वार्षिकोत्सव कार्यक्रममा वरिष्ठ गीतकार रत्न शमशेर थापा र वरिष्ठ गायक योगेश वैद्यलाई 'कृपा संगीत रत्न सम्मान' द्वारा 'समृद्धिका लागि संगीत' भन्ने नाराका साथ स्थापना भएको कृपा फाउण्डेसनद्वारा सम्मान गरिएको छ । दोसल्ला तथा सम्मानपत्रद्वारा सम्मान गरिएको कार्यक्रममा कृपा फाउण्डेसनका अध्यक्ष शिव कुमार लामिछाने, प्रमुख अतिथि गायक प्रेमध्वज प्रधान, बराह ज्वेलरीकी संरक्षक विष्णुमाया लामिछाने, बराह ज्वेलरी धरान प्रमुख मानबहादुर विकले संयुक्त रूपमा थापा र वैद्यलाई सम्मान गर्नु भएको थियो । सगरमाथा आरोहण तयारी गर्दै गरेका महिला पत्रकारको समूह First Women Journalist Everest Expedition 2018 लाई पनि सोही कार्यक्रममा नगद रू. पाँच लाख बराह ज्वेलरीको तर्फबाट प्रदान गरिएको थियो ।

अमेरिकामा मृगौलाको उपचार गराइरहेका वरिष्ठ पप गायक ओम विक्रम विष्टलाई पनि कृपा फाउण्डेसनले नगद रू. ५१ हजारका साथमा दिर्घायुको कामना गर्दै वर्थ डे केक काटेर विष्टका छोरालाई सम्मान तथा नगद प्रदान गरिएको थियो भने गायक विष्टले भिडियो कल मार्फत उपस्थित निम्तालुलाई सम्बोधन गर्दै शिव कुमार लामिछानेको कृपा फाउण्डेसनलाई धन्यवाद ज्ञापन गर्नु भएको थियो । गायक तथा कलाकार शिवकुमार लामिछानेले स्वर्गकी रानी, सपना भुलाई सारा, म मौनतामा... लगायत अरू आफ्ना दर्जन गीत लाइभ गाउनु भएर उपस्थित सबैलाई मनोरञ्जन गराउँनु भएको थियो ।

लामिछानेको स्वर तथा मोडलिङ रहेको "जय नेपाल" गीतको म्युजिक भिडियो पनि सोही अवसरमा सार्वजनिक गरिएको थियो । पहिलो वार्षिकोत्सव केक काट्दै हजारौं उपस्थितलाई धन्यवाद दिँदै कृपा अनप्लग्डका आर्टिस्टहरूलाई रोयल्टी प्रदान गरि तेस्रो सिजन छिट्टै आउने जानकारी पनि लामिछानेले दिनु भएको थियो । सञ्चारकर्मी नरेश भट्टराईले उद्घोषण गर्नु भएको यस कार्यक्रममा फाउण्डेसनका एमडी अनुप प्रकाश तथा बराह ज्वेलरीका महाप्रबन्धक दिपिकाजीको पनि उपस्थिति देखिन्थ्यो । ◆◆






# प्रचण्डको गुरु भनेर सेनाले थुनेको १३ वर्षपछि उपराष्ट्रपतिको उम्मेदवार भइयो

**शान्ता श्रेष्ठ**, राजनीतिज्ञ/साहित्यकार

*२००५ सालमा राणा शासन विरुद्ध प्रजातन्त्र प्राप्तिका लागि पहिलो पटक महिलाहरूले कांग्रेसको झण्डा उठाएर आन्दोलन शुरु गर्दा ८ जना महिलाहरू थिए, जसमा शान्ता श्रेष्ठ अग्रस्थानमा हुनुहुन्थ्यो । क्षेत्रपाटी, काठमाडौंमा १४ फागुन १९९१ मा जन्मनुभएकी श्रेष्ठले कथासंग्रह, नाटकसंग्रह, कवितासंग्रह, संस्मरण संग्रह, उपन्यास गरी १८ वटा कृतिहरू लेखि सक्नु भएको छ । यी १८ कृतिहरू २०४२ साल देखि ०७४ सालसम्म लगातार प्रकाशित भइसकेका छन् । साहित्यकार शान्ता श्रेष्ठले जीवनभर कांग्रेसलाई गुन गर्नु भो तर ०४८ देखि २०५१ सम्म कांग्रेसको सरकारका नेताको गतिविधि र गद्दारी देखेर प्रचण्ड-बाबुरामको माओवादीलाई स्थापना काल देखि नै माओवादी समर्थक बन्नुभएकी श्रेष्ठ पछि आएर पहिलो महिला उपराष्ट्रपतिकी उम्मेदवार बन्नु भएको थियो तर उहाँ माओवादी कै दोहोरो भूमिकाले उपराष्ट्रपतिमा निर्वाचित हुन सक्नु भएन । लामो समय रेडियो नेपालमा जागिरे जीवन बिताउँनु भएकी श्रेष्ठ यो देशमा आमूल परिवर्तनका लागि माओवादी नै एक मात्र विकल्प हो भन्ने गर्नुहुन्छ । प्रस्तुत छ वहाँसँग अग्निचक्रको भलाकुसारी :*






**राजनीतिज्ञ एवं साहित्यकार शान्ता श्रेष्ठ तथा उनका प्रकाशित केही कृतिका झलक**

**तपाईको परिचय दिनुहुन्छ कि ?**

– माता मोहनमाया श्रेष्ठ तथा पिता आनन्दलाल श्रेष्ठ ज्यूको छोरी हुँ म शान्ता श्रेष्ठ । एम.कम. सम्मको अध्ययन गरेकी एक राजनीतिज्ञ तथा साहित्यिक स्रष्टा भन्ने गर्छन् मलाई । ८४ वर्ष कि भइसकें । पुरानो बानेश्वर हो मेरो घर । रेडियो नेपालमा ३ दशक भन्दा बढि सेवा गरें तर स्थाई नियुक्ति नलिईकन अस्थाई बाटै बिदा भएँ । माओवादी समर्थनमा पहिलो उपराष्ट्रपति उम्मेदवार समेत भएकी थिएँ । आजकल लेखनकार्य मै जीवन बिताउँदै छु, यसैमा मलाई रमाइलो लाग्छ ।

**कांग्रेसको झण्डा बोक्ने शान्ता श्रेष्ठ किन माओवादी बन्नुभएको थियो ?**

– नेताहरूको नैतिकता, चरित्र, स्वार्थीपन, गद्दारी राजनीति र सक्कली रूप देखेर वाक्क दिक्क भएपछि मैले कांग्रेस छाडें । अब यो देशको मुहार फेर्न र नयाँ राज्य सत्ता प्राप्त गरि परिवर्तनको नयाँ संसार नेपाललाई बनाउँनु छ भने माओवादीले नै केही गर्छ भन्ने लागेर मैले माओवादीलाई समर्थन गरेकी हुँ । मेरो सोचाई अनुसार नै यो देशमा माओवादीकै नारा सफल भयो र आज नेपाल लोकतान्त्रिक गणतन्त्र भएको मुलुकको रूपमा संसारभर स्थापित हुदै अघि बढ्दैछ ।

**माओवादीको कार्यशैलीबाट चित्त बुझेको छ त ?**

– समग्रमा भन्नु पर्दा चित्त बुझेकै छ । केहि त्रुटी, भूल र गर्नुपर्ने सुधारहरू पनि छन् । ति कुराहरू विस्तारै मिल्दै जान्छन् । कांग्रेसका नेता इमान्दार भइदिएको भए माओवादी जन्मने थिएन र मुलुक उहिल्यै बनिसक्थ्यो । माओवादीका नेताहरू अपवाद छाडेर भन्नु पर्दा सबै जसो इमान्दार छन् ।

**तपाईंको विश्वासिलो नेता प्रचण्डकै पहलमा एमाले र माओवादी मिलेर बनेको एउटै कम्युनिष्ट पार्टीले चाहि अब के गर्ला ?**

– प्रचण्ड दुरदर्शी नेता हो र अब नेपाल कम्युनिष्ट पार्टी हाक्ने नेता प्रचण्ड नै हो । प्रचण्डको अगाडी सबैले घुडा टेक्ने दिन आउँछ किनकि प्रचण्ड नै सबैको लिडर बन्ने योग्यता पुगेको, सर्वगुण सम्पन्न

**साहित्यकार शान्ता श्रेष्ठका प्रकाशित कृतिहरूः**

सारङ्गीमा नअटाएको सुर (कथासङ्ग्रह २०४२)
दिन होइन साँझपछिको रात (नाटकसङ्ग्रह २०४६)
बोलाएँ बिहानी मैले (कवितासङ्ग्रह २०४७)
तेत्तीस पुतली (संस्मरणसङ्ग्रह २०५०)
खाली हात (संस्मरणसङ्ग्रह २०५२)
सङ्घर्षभित्रको अनौठो पाइला (उपन्यास २०५८)
दिल बैराग (कथासङ्ग्रह २०४९)
घाउ उसको दुखाइ मेरो (उपन्यास २०६०)
शान्ता श्रेष्ठका कथाहरू (कथासङ्ग्रह २०६०)
अन्धकारभित्रको अन्धकार (संस्मरणसङ्ग्रह २०६३)
अन्धकारको गर्भभित्र (संस्मरणसङ्ग्रह २०६४)
यो कथा होइन (संस्मरणसङ्ग्रह २०६५)
चाँदनी (कथासङ्ग्रह २०६९)
आक्रोशका काँडाहरू (कथासङ्ग्रह २०७१)
मान्छेभित्रको मान्छे (संस्मरणसङ्ग्रह २०७३)
शासकभित्रको शासक (संस्मरणसङ्ग्रह २०७४)
देश कसलाई दुखेको छ ? (संस्मरणसङ्ग्रह २०७४)
बत्तीमुनि अँध्यारो (कथासङ्ग्रह २०७४)

**इमान्दार र निष्ठावान् नेताले नै अब नेपाल कम्युनिष्ट पार्टी र सरकार हाक्न थालेपछि यो देश झण्डै झण्डै चीनको हाराहारीमा भोलिका दिनमा पुग्ने छ भन्ने विश्वास मलाई चाहिँ छ ।**

**पैसाले किन्न नपाउँने सम्पत्ति यही सम्मान त होला नि ! समाजसेवी भनेर सम्मानित हुन पाउँदा अति नै आनन्दित हुन्छु र बाचुँञ्जेल समाजसेवा गरि नै रहन्छु ।**

नेता हो । मनका धनी नेता भनेकै प्रचण्ड कमरेड हो । यो देशको माया गर्ने एकमात्र चोखो नेता भनेकै कमरेड प्रचण्ड हो । यो मुलुकलाई प्रचण्डको खाँचो छ । मुलुकको निम्ति आवश्यक नेता प्रचण्ड भएकोले उहाँले नै कोल्टे फेराउनु हुन्छ समग्र हाम्रो विशाल मुलुकलाई । प्रचण्ड जस्तो इमान्दार र निष्ठावान् नेताले नै अब नेपाल कम्युनिष्ट पार्टी र सरकार हाक्न थालेपछि यो देश झण्डै झण्डै चीनको हाराहारीमा भोलिका दिनमा पुग्ने छ भन्ने विश्वास मलाई चाहिँ छ ।

**कमरेड प्रचण्ड यस अघि २ पटक प्रधानमन्त्री भइसक्नु भो, के भो त परिवर्तन ? के आशा गर्ने अब ?**

- गिरिजाबाबुको गद्दारीपन, भारतको दोहोरो भूमिका, रामवरण जीको हस्तक्षेप र नेपालको प्रगति नचाहने विभिन्न दलका सम्पत्ति मात्र कुम्ल्याउन चाहने राष्ट्रघाती नेताहरूको कुदृष्टीले गर्दा प्रचण्ड कमरेडलाई पूरा कार्यकाल काम गर्न दिएनन् । त्यही कारण भनेजति र सोचेजति काम हुन सकेन । अब चाहिँ त्यस्तो नहोला ।

देश र जनताको हितमा जस्तोसुकै चुनौतिपूर्ण काम गर्न तयार रहने नेता प्रचण्ड नै हो । इमान्दारितापूर्वक आम जनता र राजनीतिक दलहरू एवं मित्रराष्ट्रहरूले कमरेड प्रचण्डलाई साथ दिएको खण्डमा प्रकृतिको अनुपम उपहार प्राप्त यो देश नेपाललाई विश्वकै मनोरम थलो–बुद्धको देशको रूपमा संसार मै लोकप्रिय बनाइ भाग्यमानी जनता बस्ने देश नेपाल भन्ने प्रमाणित गर्न प्रचण्ड सफल हुनु हुनेछ ।

**सात दशकदेखि नेपाली नारी जागरणका लागि निरन्तर संघर्षरत रहदै नेपाली भाषा र साहित्यको सिर्जनामा पुऱ्याएको विशिष्ठ योगदानका निम्ति तपाईलाई धेरै ठाउँबाट सम्मान गरिरहेका छन्, यस्ता सम्मान पाउँदा कस्तो महसुस हुन्छ ?**

- गर्व लाग्छ, खुशी हुन्छु, आनन्द महसुस हुन्छ । मैले पनि यो देश र जनताका लागि केही गरेकी रहिछु र त मैले सम्मान तथा पुरस्कार पाएँ नि भन्ने लाग्छ । मानव सेवा– समाजसेवा र राष्ट्रसेवा गरेको फल पाएकी हुँ कि ! भन्ने लाग्छ ।

पैसाले किन्न नपाउँने सम्पत्ति यही सम्मान त होला नि ! समाजसेवी भनेर सम्मानित हुन पाउँदा अति नै आनन्दित हुन्छु र बाचुँञ्जेल समाजसेवा गरि नै रहन्छु ।

**सबैभन्दा ठूलो चीज मान्छेका लागि के हो जस्तो लाग्छ ?**

- ज्ञान नै सबै भन्दा ठूलो चीज हो । जे गरिन्छ वा बोलिन्छ– ज्ञानी भएर गरेको वा बोलेको नै राम्रो हुन्छ ।

**के सम्झदा दुःख लाग्छ ? के पाउनु भो, के गुमाउनु भो ?**

- माओवादी भएको आरोपमा भैरवनाथ गणमा २ पटक लगेर हप्तौ राखेर यातना दिएको म कहिल्यै बिर्सन्न, त्यही कारणले गर्दा म रोगी पनि भएँ, धेरै यातना दिए मलाई । ८५ वर्ष पुग्दैछु, यातना दिएर मानसिक टचर नदिएको भए म पूर्ण स्वस्थ महिला हुँ । केहि पनि नपाएर पनि मैले धेरै कुरा पाएको छु ।

सत्यताको लागि जीवनभर लडे, आफ्नो सम्पत्ति सबै आफन्तलाई दिईसकें । तपाइहरू अन्तर्वार्ता लिन आउनु भो, यही हो मैले पाएको सम्पत्ति । म त एक्लो मान्छे, इमान्दार मान्छे, धेरै भाइ बहिनी र साथीहरू पाएको छु र नेताहरू तौलने अवसर पाएको छु ।

**अन्तमा के भन्न चाहनु हुन्छ ?**

- प्रचण्ड र बाबुरामको गुरू भनेर मलाई सेनाले समात्यो । जीवनमा मैले धेरै दुःख, कष्ट र समस्या भोगें । मलाई समग्र रूपमा बुझ्न चाहनेले मेरा प्रकाशित १८ वटा पुस्तक पढनुस् भन्न चाहन्छु, अझै केही पुस्तक आउदैछन्, ती पनि पढनुस् भन्न चाहन्छु र एल.एन. भाईलाई पनि धन्यवाद छ !! ◆◆








# शास्त्री, पराशर तथा हाम्रो बाल संरक्षण धरोहर सम्मानित


नेपाल साहित्य समाज

राजधानी स्थित नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौंमा यस वर्षको वसन्तराधा पुरस्कार कविद्वय मोदनाथ शास्त्री, भैरहवा र नरेन्द्र पराशर, मोरङलाई र हेमकुमारी–दिवाकर समाजसेवा सम्मान – हाम्रो बाल संरक्षण धरोहर नेपाल, काठमाडौंलाई चैत्र ११ गते रामनवमीका दिन २ बजे प्रदान गरिएको छ । उक्त पुरस्कारको राशि क्रमशः ५०,०००।– (पचास हजार) र २५,५५५।– (पच्चीस हजार पाँच सय पचपन्न) रहेका छन् । उक्त कार्यक्रममा प्रमुख अतिथि साहित्यकार प्रदीप नेपाल, कार्यक्रमका सभापति कोशकार वसन्तकुमार शर्म्मा नेपाल, समाजका अध्यक्ष साहित्यकार विनयकुमार शर्मा नेपाल, साहित्यकार रमेश शुभेच्छु र पुरस्कृत व्यक्तित्वहरूले आआफ्ना मन्तव्य राख्नु भएको थियो ।

आफ्नो ९६ वर्ष प्रवेशको सन्दर्भमा वयोवृद्ध कोशकार शर्म्माको नवीनतम कृति 'इतिहासका अमर झिल्काहरू'को समेत विमोचन गरिएको थियो । कार्यक्रम संस्थाका महासचिव दुर्गाप्रसाद नेपालले सञ्चालन गर्नुभएको थियो । नेपाल साहित्य समाजका अध्यक्ष विनयकुमार शर्मा नेपालले शब्दार्थ प्रकाशन तथा विधा केन्द्रित साहित्यिक पत्रिका 'वैजयन्ती' लाई निरन्तर रूपमा प्रकाशन गर्दै आफू निर्देशकको भूमिकामा सक्रिय रहँदै आउनु भएको छ । अग्निचक्र मासिकका सल्लाहकार समेत रहनु भएका विनयकुमार शर्मा नेपाल बहुमुखी प्रतिभाका धनी हुनुहुन्छ । ◆◆

शब्दार्थ प्रकाशन
चावेल,गणेशस्थान, काठमाडौं फोनः ०१-४४९७३५१, ९८४१४९६१०३
१३५ उपनिषत्सङ्ग्रह
www.nepalipublisher.com
विधाकेन्द्रित साहित्यिक पत्रिका
वैजयन्ती



# तिम्रो मेरो तालमेल मिलेन

तिमी छाप्रामा बसेर
महलको सपना देख्ने
म छाप्रामा बसेर
छाप्राकै अनगिन्ती
उत्पीडकहरूको पीडा बोल्ने
त्यसैले तिम्रो मेरो तालमेल मिलेन ।

तिमी साँप्रो खाएर
सुरा सुन्दरी र
फेसनको होडबाजीमा रमाउँदा
म वैचारिक चिन्तनको
तपस्यामा लिन भएको मान्छे
तिमीले पद प्राप्तिको लागि
क्रान्तिको नारा उचालेर
सडक तताउँदा
म अन्याय र अत्याचारको
भ्रष्टाचार र गरीबीको
मानवीय हक अधिकारको बारेमा
गल्लीमा सङ्कट भोगेका
असाहयको
कथा कविता र गीत गाएको मान्छे
त्यसैले तिम्रो मेरो तालमेल मिलेन ।

तिमीले स्कुल कलेजको पर्खालमाथि
उफ्री उफ्री कक्षा ठगेर
झण्डा उचाली
खोक्रो राष्ट्रवादको नारा लगाउँदा
म गुरूहरूको मीठो
ज्ञानको रसस्वादनको
चिन्तनमा डुबेर
देश विकासको मार्ग पहिल्याउने
सपनाहरु बुन्दै गरेको मान्छे
त्यसैले तिम्रो मेरो तालमेल मिलेन ।

मिठाई पसलको वासनामा झुमेर
तिमी झिंगाझैँ त्यहीँ रमाइरहँदा
म अँध्यारो कोठामा भोको पेट
सिर्जनामा डुबिरहेको मान्छे
सिनेमा हलको सङ्गीतमा लट्ठिएर
तिमी त्यतै लरखरिरहँदा
म ध्यान चिन्तन र अध्ययनमा
एक्लो हराइरहेको मान्छे,
पेन्सिल हिल र आर्धनग्न वस्त्रको
होडबाजीमा
तिमी बजार बजार नाचिरहँदा
म मात्र शरीर ढाक्ने मेसोमा
कुदिरहेको मान्छे,
पाखुरा सुर्की सुर्की
अरूको कुरा काट्न र सुन्नमा
तिमी झुमिरहँदा
म मृत्यु कसरी शाश्वत बन्छ भनी
सबै किसिमको उत्सर्ग
खोजिरहेको मान्छे,
गर्न हुने नहुने सबै गरी
तिमीले बिल्डिङ्ग ठोकिरहँदा
याद गर
म मात्र
एउटा धोक्रे लुगामा
खापा नभएको झ्याल र ढोकाको
छाप्रोमा थिएँ
र आजसम्म त्यसैमा सन्तुष्ट छु
त्यसैले
आज तिम्रो र मेरो तालमेल मिलेन ।

तिमी छानी छानी
चुस्त लुगामा सजिँदा
म एउटै लुगामा
रमाएको मान्छे
तिमी पार्टी, भोज र
घुमघाममा रमाउँदा
म आग्लो ठोकेर चिन्तन, मनन र
अध्ययनमा हराएको मान्छे
तिमी आफू, आफ्ना र
तिनको स्वार्थमा मात्र बाँचिरहँदा
म समाज, देश र मानवताको
कथा पढिरहेको मान्छे
तिमीले जन्मनु, खानु, लगाउनु र मर्नु मात्र
जीवन हो भनी बुझिरहँदा
म मरे पनि बाँच्ने मार्ग
खोजिरहेको मान्छे
हो
त्यसैले आज
तिम्रो मेरो तालमेल मिलेन
र अब
कहिल्यै मिल्दैन ।

# रचनाहरू आकर्षक र प्रभावकारी बनाउँन स्वयं लेखकहरू सजग हुनुपर्छ



**नरेन्द्र पराशर**

साहित्यकार

**छोटकरीमा आफ्नो परिचय कसरी दिनुहुन्छ ?**

– मेरो वास्तविक नाम नरेन्द्रप्रसाद गुरागाई हो । मेरो पिताको नाम नरपति गुरागाई हो र माताको नाम हेमकला गुरागाई (भट्टराई) हो । मेरो जन्म २०२७ साल असोज १५ गते मोरंग जिल्ला झुर्किया गा.वि.स.(हाल रतुवामाई न.पां -४) सिँगाडी भन्ने गाउँमा भएको हो । मैले प्राथमिक शिक्षा सोही गाउँमा सकेपछि निम्नमाध्यमिक र माध्यमिक शिक्षा सौँठा माध्यमिक विद्यालय सिजुवा मोरंगबाट पूरा गरैँ । म मातापिताको छैठौँ सन्तान र माहिलो छोरो हुँ । मैले वन विज्ञानमा स्नातकसम्मको अध्ययन पूरा गरेको छु र हाल वन अधिकृतको रूपमा रसुवा जिल्लामा कार्यरत छु ।

**वन विज्ञानको विद्यार्थी कसरी साहित्यमा आकर्षित हुनुभयो ?**

– मेरो पिताजीले थुप्रै कविता लेख्नुभएको छ र माताजीले पनि । उहाँहरूले साँझ-बिहान महाकवि देवकाटा, लेखनाथ पौडेल तथा जगन्नाथ गुरागाईका कविता गुनगुनाएको सुन्दासुन्दै म पनि कवितातिर आकर्षित भएको थिएँ । सौँठा माध्यमिक विद्यालयका नेपाली शिक्षक स्व. धरणीधर ढुङ्गानाको छन्दकविता वाचनशैलीले पनि मलाई कविताप्रति थप अभिरूचि जगायो । साथै रेडियो नेपालका वासुदेव मुनालले सञ्चालन गर्ने बालकार्यक्रम र दाहाल यज्ञनिधिको कविता वाचनले पनि म प्रभावित भएको थिएँ । वन विज्ञान त मैले पछि रोजेको विषय हो । तर वन विभागको जागिरको सिलसिलामा मैले देशका विभिन्न भागमा हिँड्डुल गर्ने मौका पाएँ जसबाट मलाई लेखनकार्यमा थप प्रेरणा भने अवश्य प्राप्त भयो ।

**कविता, काव्य, उपन्यास, नाटक, समीक्षाजस्ता धेरै विधामा कलम चलाएको तपाईको लेखनले सबैतिर आफ्नो विशेष प्रभाव बनाएको भन्ने सुनिन्छ । तपाई आफूचाहिँ कुन विधामा रचना गर्दा विशेष रमाउनु हुन्छ ? किन ?**

– तपाईले भनेजस्तै मैले थोरै-थोरै भए पनि प्रायः सबै विधामा कलम चलाएको छु । विशेष प्रभाव बनाएको भन्ने कुरा त अतिशयोक्तिपूर्ण हुनजाला । तर पढ्न थालेपछि पढिरहूँ जस्ता रचना हुनुपर्छ भन्ने मेरो मान्यता हो । म बढी प्रकृतिनिकट भएर अभिव्यक्ति दिन रूचाउँछु । शायद त्यही कारणले पनि होला म कविता विधामा पोखिँदा बढी रमाउँछु । कवितामा थोरै शब्दहरूको प्रयोगले बढी कुरा दिन सकिन्छ । तर अन्य विधामा थोरै कुरा भन्न पनि बढी शब्दहरू प्रयोग गर्नुपर्ने हुन्छ ।

**तपाई एक कुशल छन्द साधक भएको नाताले नेपाली छन्द कविता हाल के कस्तो अवस्थामा रहेको देख्नुहुन्छ ?**

– छन्दमा कुशलता हासिल गर्नु निकै कठिन काम हो । मैले धेरैजसो कविता छन्दमा रचना गरेको छु । छन्दमा सुन्दर र मार्मिक कविता रचना गर्न पर्याप्त साधना र अभ्यासको आवश्यकता पर्छ । साथै प्रतिभा पनि प्रमुख तत्त्व हुँदै हो । जहाँसम्म नेपाली छन्द कविताको वर्तमान् अवस्थाको कुरा छ, यसबारेमा यकीन जवाफ दिन बृहत् अध्ययन र अनुसन्धानको आवश्यकता हुन्छ । नेपाली साहित्यको प्राथमिककालदेखि नै कविताको सुरूआत पनि छन्द कविताबाटै भएको पाइन्छ । नेपाली भाषा-साहित्यलाई जनमानसमा स्थपित गर्न अतुलनीय भूमिका खेल्ने भानुभक्तीय रामायणले नेपाली समाजमा छन्दलाई पनि स्थापित गरिदियो । छन्दको आफ्नै मिठास र महत्ता छ । छन्द कविता कण्ठस्थ गरी पुनः पुनः वाचन गर्न सजिलो हुन्छ । यसमा जिब्रोमा झुण्डिनसक्ने सुक्ति-उक्तिहरूलाई कलात्मकरूपले समावेश गर्न सकिन्छ । उपर्युक्त कारणले गर्दा आजसम्म पनि छन्दमा कविता लेख्ने क्रम रोकिएको छैन । तीस र चालीसको दशकमा छन्दकविता केही सुस्ताएको पाइन्छ भने पचासको दशकदेखि यो पुनः जीवन्त भएर आएको देखिन्छ ।

भानुभक्त आचार्यदेखि लेखनाथ पौडेल, लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, माधव घिमिरेलगायत पुराना पुस्ताका कविहरूले छन्दकवितालाई नयाँ उचाइदिएका हुन् भने वर्तमानमा डा. रामप्रसाद ज्ञवाली, भुवनहरि सिग्देल, रमेश खकुरेल, डा. देबी नेपाल, डा. रमेशचन्द्र अधिकारी, चन्द्रप्रसाद न्यौपाने, बुनू लामिछाने, प्रभा भट्टराई, शर्मिला गिरी, नारायण निराशी, डा. नवराज लम्साल, प्रह्लाद पोखेल, बलराम दाहाल, नारायण पोखेल, डा.लेखप्रसाद निरौला, डा. ओमवीरसिंह बस्न्यातजस्ता अन्य धेरै कविहरू छन्दमै साधनारत देखिन्छन् । विश्वमै अन्य भाषाहरूमा ठूला काव्यकृति लुप्तहुँदै जाँदा पनि नेपाली भाषामा महाकाव्यहरू प्रकाशित भइरहनु र ती महाकाव्यहरूमा छन्दको वर्चस्व रहनु खुशीको कुरा हो । छन्द कविताका एकल वा संयुक्त वाचन कार्यक्रमहरूमा जोडदाररूपले प्रस्तुत हुनसक्ने सुदेश सत्याल र मनोज भण्डारीजस्ता नयाँ पुस्ताको उपस्थितिले छन्द कविताको भविष्य सुन्दर नै देखिन्छ । सार्वजनिकरूपमा कतै र कहिल्यै नाम नसुनिएका व्यक्तिहरूले पनि सामाजिक सञ्जाल फेसबुक र ट्वइटरमा छन्द कविताहरू लेखेको देखिनुले छन्दको प्रभाव कायम रहेको देखिन्छ । तर गुणस्तरीय छन्दकविता तयार पार्नु आफैँमा निकै ठूलो चुनौती भने हुँदै हो । समग्रमा भन्नुपर्दा वर्तमान अवस्थामा छन्दोबद्ध फुटकर रचनाहरू, खण्डकाव्यहरू, महाकाव्यहरू प्रकाशित भइरहेका छन् । लेख्दैजाँदा नै त्यसले आफ्नो गुणस्तर पनि सुधार गर्दै जाने भएकाले छन्द कवितामा भएको र हुनसक्ने प्रगति सन्तोषप्रद मान्न सकिन्छ ।

**छन्द कविताका सबल र दुर्बल पक्षहरू केके हुन् ?**

– छन्द कविताको सबल पक्ष भनेको यसको गेयात्मकता नै हो । यसलाई लय हालेर वाचन गर्न सकिन्छ । त्यो लयबाट उत्पन्न हुने झङ्कारले हृदयको गहिराईलाई स्पर्श गर्नसक्छ । छन्द कवितालाई थोरै प्रयत्नमै पनि कण्ठस्थ पारेर जुनसुकै अवस्थामा तत्कालै सुनाउन सकिन्छ । छन्दमा अनेक प्रकारका अलङ्कारहरू समावेश गर्न सकिन्छ जसले अभिव्यक्तिलाई थप आकर्षक र रसमय बनाउँछन् । छन्दको अर्को सबलता भनेको यसमा अमूर्तताले स्थान पाउँदैन । जे भन्न खोजेको हो त्यो प्रस्ट हुन्छ । त्यसले दिने सन्देश प्रस्ट हुन्छ । छन्द फर्सीको जराजस्तो अबोधगम्य हुनसक्दैन । छन्द भनेको अक्षर र शब्दहरूको सूत्रात्मक प्रयोग भएकोले यो नेपाली भाषाकै सम्पत्ति हो । जुनसुकै भाषामा छन्द प्रयोगमा आएको हुँदैन । छन्दोबद्ध कविता तयार गरिने भाषा आफैँमा सबल भाषा पनि हो अर्थात् भाषाको जीवन्तताको मानक भनेको छन्द पनि हो । छन्दको दुर्बल पक्ष भनेको के हो भने खास गरी यसमा अक्षर गन्नै पर्ने, नियम मान्नै पर्ने, ह्रस्व र दीर्घका तारतम्य मिलाउनै पर्ने हुन्छ । नेपाली मातृभाषीबाहेकका अन्य जातजाति वा भाषाका मान्छेहरू(जसको जनसङ्ख्या ठूलो छ)लाई सामान्य अवस्थामै पनि नेपाली राम्ररी

बोल्न र लेख्न अप्ठेरो पर्ने अवस्था छ । त्यसमाथि पनि उच्च नियमका परिधिमा रहेर गरिने छन्द संरचनाबारेमा जानकारी लिन र त्यसमा साधना गर्न अवश्य पनि सजिलो छैन । छन्दमा प्रयुक्त गति, यति, लय आदिलाई सजिलै पक्डिन गैरनेपाली मातृभाषीहरूलाई कठिन हुन्छ । जसले गर्दा छन्द भनेको ब्राह्मण समुदायको प्यावाजस्तो बन्न पुगेको देखिन्छ । ब्राह्मण समुदायबाहेक अन्यत्र यसको विस्तार हुननसक्नु वा त्यसो गर्न नसक्नु छन्दमा रहेको तगण मगणको दुरूहता नै हो ।

**नेपाली भाषामा महाकाव्यहरू प्रकाशित भइरहेका छन् । अझ जोड दिएर भन्नुपर्दा महाकाव्य लेखनमा सहलेखनसमेत हुनथालेको देखिन्छ । के महाकाव्य विधामा यो आवश्यक छ ?**

– हो । केही समय यता धेरैजना कविहरू मिलेर एक महाकाव्य रचना गर्न थालेको देखिन्छ । यस प्रकारको प्रयोगबाट पहिलोपटक **जियालो** महाकाव्य प्रकाशित भएको छ । २०७३ सालको अन्त्यतिर प्रकाशित यो महाकाव्य कवि तथा कोशकार वसन्तकुमार शर्म्मा नेपाल, लक्ष्मीकुमार कोइराला, उपमा आचार्य, बुनू लामिछाने, खगेन्द्र खोल्साघरेलगायत एघारजना कविहरूको संयुक्त प्रयासमा रचना भएको छ । महाकाव्य सहलेखनको पहिलो सफल प्रयोगको नेतृत्व वसन्तकुमार शर्म्मा नेपालले गर्नु भएको छ । २०७४ को मध्यतिर सहलेखनको अर्को महाकाव्य **आरोहण** आएको छ । भुवनहरि सिग्देल, डा. रामप्रसाद ज्ञवालीसहित तेह्रजना कविहरूको सहकार्यमा यो महाकाव्य तयार भएको देखिन्छ । यसरी नेपाली महाकाव्यमा संयुक्त लेखनको सुरुआत हुनु सुन्दर र महत्त्वपूर्ण कुरा हो । यसले साहित्यकारहरूबीच हुने सम्बन्धलाई मजबूत बनाउँछ भने कुनै चीज वस्तुलाई बुझ्ने बुझाउने कुराको हकमा समान धारणा र समझदारी विकास गर्नमा सहयोग पुग्छ । साथै काव्यलेखन एक व्यक्तिको निजी प्रयास हुँदाहुँदै पनि सहकार्यसमेत सम्भव रहेको प्रमाण यस प्रकारको प्रयोगले दिएको छ । तर यस प्रकारका कृतिहरू बजारमा आउँदा तिनलाई आफैँले ऐतिहासिक वा अद्वितीयजस्ता विशेषण दिएर हल्ला गर्न खोज्नु भने उत्तम कुरा होइन । कृतिको महत्ता पाठक, समालोचक, अनुसन्धाताहरूले महसुस गर्ने कुरा हो । तसर्थ महाकाव्य विधामा विभिन्न पृष्ठभूमिका कविहरू एक ठाउँमा आएर ठूलो रचना तयार गर्नु वा हुनु राम्रो कुरा हो । यस्तैप्रकारका थप कृतिहरू पुनः पुनः आऊन् । यो खुशीको कुरा हो ।

**छन्दकविहरूले गद्यकविता र कविहरूलाई सामान्यतया कसरी हेर्ने गरेको पाउँनुहुन्छ ?**

**महाकाव्य सहलेखनको पहिलो सफल प्रयोगको नेतृत्व आदरणीय कोशकार वसन्तकुमार शर्म्मा नेपालले जियालो महाकाव्यमार्फत सुरूवात गर्नुभएको छ । यसले साहित्यकारहरूबीच हुने सम्बन्धलाई अझ मजबुत बनाउँछ । जिलायोलाई सफल पार्नुहुने महाकाव्यकार बुनू लामिछानेजीलाई पनि हार्दिक धन्यवाद दिन्छु ।**




**त्यस्तै गद्यकविहरूले छन्दकवि र कविताहरूलाई कसरी हेर्ने गर्छन् ?**

– यो त नितान्त वैयक्तिक कुरा हो । कुनै छन्द कविले गद्य कवितालाई कसरी हेर्छ भन्ने कुरालाई सीधा सीधा भन्न अप्ठेरो हुन्छ । तर कतिपय छन्दकविहरूले गद्य कविहरूका रचनालाई 'इन्टर कविता' अर्थात् कम्प्युटरको इन्टर बटन थिचेर निबन्धलाई कविता बनाएको भनेर खिसिट्युरी गर्ने गरेको सुन्नमा आउँछ भने कतिपय छन्दकविहरूले गद्य कविताहरूलाई पनि उत्तिकै मूल्य दिएको पाइन्छ । केही छन्द कविहरू छन्द कौशलको एकमात्र प्राधिकार आफू नै रहेको जस्तो गरी अहङ्कारपूर्ण रूपमा प्रस्तुत हुने गरेको भन्ने पनि सुनिन्छ । छन्दबाहेक कवितै हुनसक्दैन भन्ने जमात सानो छ । तर पनि यस प्रकारको विचार भने छ । त्यस्तै गद्य कविहरूले छन्द कविताहरू मन पराएको पनि मैले पाएको छु । छन्द जान्न पाए हुन्थ्यो भन्ने जिज्ञासा रहेको पनि पाएको छु । गद्यमा रचना गर्ने कतिपय कविहरूले भने छन्दलाई सङ्कुचित परम्परावादी साँघुरो विचार बोक्नेहरूको लेघ्रो तान्ने खेती भन्ने गरेको पनि सुनेको छु । जे होस्, पद्य कविता र गद्य कविता दुबै नेपाली साहित्यकै सम्पत्ति हुन् । दुबैका आ आफ्नै प्रकारका सीमा र महिमा छन् । अतः यसमा एकले अर्कोलाई हिलो छ्यापाछ्याप गर्नुपर्ने कुनै कारण छैन ।

**कवितालाई उपन्यासले सर्लक्कै निल्यो भन्ने चर्चा हुन्छ । यथार्थ के हो ?**

– झट्ट हेर्दा यस्तो लाग्नसक्छ । किनभने जताततै बजारका पुस्तक पसलहरूमा उपन्यासहरू नै अगाडि झुन्ड्याएको देखिन्छ । उपन्यासको बिक्री बढेको पनि होला । तर कविता विधाको मूल्य फरक छ । भाषाको उच्चतम र कलात्मक अभिव्यक्ति हुनुको कारणले कविताको गरिमा कहिल्यै पनि समाप्त हुनसक्दैन । मानिस सदैव काव्यात्मक अभिव्यक्ति दिन रूचि राख्छ भन्ने कुरा फेसबुक र ट्वइटरमा लेखिने-देखिने अभिभव्यक्तिहरूबाट प्रस्ट हुन्छ । अतः कविताको आफ्नो आन्तरिक गति, लय र प्राण हुन्छ । यसलाई उपन्यासले निल्यो भन्ने कुरा सत्य होइन ।

**नेपाली साहित्यकारहरूका वर्तमानका समस्याहरू के के हुन् ?**

– नेपाली साहित्यकारहरूका अनेकौं समस्याहरू होलान् । छन् । पूर्णकालीन भएर रचना गर्न नपाउँनु वा नसक्नु । घर परिवार, आफ्नो व्यवसाय वा नोकरीबाट समय निकालेर रचना गर्नु पर्ने बाध्यता होलान् । रचना कर्मलाई दत्तचित्त

भएर समय दिन नसक्ने अवस्था रचनाकारको आर्थिक पक्षसँग सम्बन्धित हुन्छ । सामान्य जीविकोपार्जनसम्म गर्ने आम्दानी भएको लेखक-साहित्यकारले सम्पूर्ण समय लेखनमा दिएर बस्न सक्ने कुरा पनि भएन । नेपाली भाषाको पुस्तक बेचेरै पूर्णकालीन लेखक हुनसक्ने अवस्था सिर्जना भइसक्यो भन्ने अवस्था पनि देखिन्न । अर्को कुरा, लेखकहरूले फरक कुरा, फरक शैलीमा, फरक उचाइबाट लेख्नेभन्दा पनि परम्परागत धारलाई नै निरन्तरता दिएको देखिन्छ । कविता वा उपन्यास अथवा निबन्ध विधाको पनि हालत उस्तै छ । समयले हरेकपटक नयाँ कुराको माग गर्छ । नयाँ ढंग र स्वाद माग गर्छ । तर त्यस दिशामा खासै काम भएको नदेखिनु अर्को समस्या हो । लेखनपूर्व गरिने अध्ययन, अनुसन्धान र लेखनपश्चात् गरिने सम्पादनमा पर्याप्त ध्यान पुगेको नदेखिनु अर्को समस्या हो । जे लेखे पनि भैहाल्छ नि भन्ने कुरा ठीक होइन । प्रकाशनको पनि समस्या समाप्त भयो भन्ने अवस्था छैन । लेखक र प्रकाशकबीच पनि समस्या देखिन्छन् । प्रकाशक र बजारबीच पनि समस्या छन् । नेपाली भाषाकै दायरा एकदमै ठूलो पनि छैन । तसर्थ हामीकहाँ समस्याहरू धेरै भए पनि अवसरहरू पनि उत्तिकै रहेका छन् । गुट, उपगुट तथा अनेकखालका कोटरीवादद्वारा साहित्यकारहरू गाँजिएका पनि छन् । आफ्नो गुट वा समूहको सदस्यबाहेकलाई महत्त्व नदिने, हावामा उडाउने, कटु लाञ्छना लगाउने गरेको पनि सुनिन्छ । यो पनि सङ्कीर्णतावादी सोचले उत्पन्न गरेको समस्या हो ।

फराकिलो हृदयले कुनै पनि विषय वस्तुलाई हेर्ने-बुझ्ने कुरामा सहकार्य गर्नसक्ने अवस्था भएन भने त्यसले सत्यको अन्वेषणलाई छायामा पार्नसक्छ । आज वैचारिकरूपले पनि कवि लेखकहरू के लेख्ने भन्ने कुराको समस्यामा परेको आभास हुन्छ । राजनैतिक संक्रमणकाल रहेकोले कवि-लेखकहरू कतातिर कति ढल्किएर के रचना गर्ने भन्ने वैचारिक समस्यामा छन् । एकातिर प्रगतिवादी, प्रगतिशील र अर्कातिर गैरमार्क्सवादी धारबाट कलम चलाउने स्रष्टाहरू पनि अन्योलमै रहेको देखिन्छ । समयसापेक्ष वैचारिकरूपान्तरण आजको आवश्यकता हो । लेखक-कविहरू जड भएर रहनु हुँदैन । जडता अर्को समस्या हो ।

**नेपाली साहित्य हाल के कस्तो अवस्थामा छ ?**

- यो त पर्याप्त अनुसन्धान नगरी ठ्याक्क भनिहाल्न सकिने कुरा होइन । तर पनि नेपाली भाषामा पुस्तक लेखिने क्षेत्र, विधाहरूको विस्तार भएको छ । साक्षरताको वृद्धिसँगै पठन संस्कृति पनि बढेको अनुमान गर्न सकिन्छ । यातायात साधनहरूको सुगमताले मानिसहरू सँगै पुस्तकहरू पनि टाढा-टाढासम्म फैलिनसक्ने अवस्था छ । अनलाइनमै पुस्तकहरू किन्न सकिन्छ । यसरी हेर्दा नेपाली भाषामा साहित्यलेखनको इतिहास खासै लामो नभए पनि आज जे जति पुस्तकहरू जुनरूपमा बजारमा देख्न पाइन्छ यसले नेपाली साहित्य प्रगतिसहितअगाडि जान्छ भन्ने कुरालाई सुनिश्चित गर्छ । नेपाली भाषाका कृतिहरूलाई अन्य विदेशी भाषाहरूमा अनुवाद गरी नेपाली साहित्यलाई अन्तर्राष्ट्रिय रङ्गमञ्चसम्म पुर्‍याउन सकिने अवस्था देखापरेको छ । नेपाली समाजका बहु आयामिक विषयहरूमाथि लेख्न र लेखिन बाँकी नै छ । धेरै भन्दा धेरै विषयहरूमा लेखिनु पर्छ । धेरै क्षेत्रमा लेखिएपछि नै आपसी प्रतिस्पर्धा र गुणात्मकतासमेत थपिँदै जान्छ । नेपाली साहित्यमा गर्नु पर्ने काम धेरै छन् । स्थिति निराशाजनक छैन । तर गर्नु पर्ने काम भने निकै बाँकी छ जस्तो लाग्छ ।

**महिला साहित्यकारहरू र पुरुष साहित्यकारहरूका बीच लेखकीय भिन्नता पनि छन् कि ?**

- हेर्नोस्, नारी स्रष्टाहरूका समस्या कति होलान् ? घर, लोग्ने, बच्चा, सामाजिक मनोवैज्ञानिक दबाबहरू, अनेकौँ बाधा-व्यवधान र असजिलो अवस्थालाई चुनौती दिँदै उहाँहरूले लेख्नुपर्ने हुन्छ । पुरुषहरूलाई धेरै सजिलो छ । तर महिलाको अवस्था फरक छ । तर पनि महिला लेखकहरूले कष्टसाध्य अवस्थाका बीचबाट पनि रचनाहरू दिइरहनु भएको छ । यसमा खुशीको कुरा त झन् के भने कतिपय नारी स्रस्टाहरूले त निकै राम्रा रचनाहरू गर्नुभएको छ । चाहे उपन्यासमा होस् वा कवितामा, नारी स्रष्टाहरू झन् बढी सशक्त भएर आइरहेको देखिन्छ । स्वाभाविकरूपले महिलाहरूको लेखनमा आफूले भोगेका वा अनुभूति गरेका पीडा र यन्त्रणाका कुराहरू शूक्ष्मरूपमा आइरहेका छन् । चेतनास्तरमा भएको बदलाव र आत्मनिर्भर बन्दै गएका नारीहरूले लेखनमा पुरुषसरह आफ्नो उपस्थिति देखाउन थालेका छन् । यस अर्थमा पुरुष र नारी स्रष्टाहरूबीच हुने लेखकीय भिन्नता दिनानुदिन कम हुँदै आएको मान्नुपर्छ ।

कवितामा कलम चलाइरहेका सीमा आभास, उषा शेरचन, मोमिला, शकुन्तला जोशी, बुनू लामिछाने, सरिता तिवारी, विमला तुम्खेवा, प्रभा भट्टराई, प्रतिमा पाठकजस्ता नारी हस्ताक्षरहरूलाई हामीले पढिआएका छौँ । त्यस्तै कथातर्फ निरूपा प्रसून, ज्योति जंगलहरूलाई पनि पढ्न पाइएको छ । उपन्यासमा त नारीहरूको उपस्थिति आक्रामकरूपले अगाडि आएको देखिन्छ । गीता केशरी, शारदा शर्माहरू अझै पनि सक्रिय देखिनुहुन्छ भने मनीषा गौचन, नीलम कार्की निहारिका, उमा सुवेदी, प्रगति राई, सरस्वती प्रतीक्षा, विनीता बरालजस्ता नयाँ पुस्ताका उपन्यासकारहरू सशक्तरूपले देखापर्नुभएको छ । महिलाहरूको भावनात्मक प्रस्तुतिमा आ-आफ्नै प्रकारको वैशिष्ट्य महसुस हुन्छ । अब महिलाहरूको बारेमा पुरुषले लेखिदिनु पर्ने दिन रहेनन् ।

**नेपाली लेखक साहित्यकारहरूलाई दिइने पुरस्कारहरू कहिलेकाहीँ विवादमा पर्ने गरेको देखिन्छ । यसमा तपाईको धारणा के छ ?**

- संसारभरिकै प्रायः ठूला पुरस्कारहरू विवादरहित छैनन् । नेपालमा पनि यस प्रकारका विवादहरू कहिलेकाहीँ कोठा-चोटा हुँदै बजारसम्मै आइपुग्छन् । पुरस्कारका लागि लेखकहरूले गर्ने चाकडी, चाप्लुसीका कुराहरू एकातिर छन् भने अर्कातिर मिलोमतोका कुराहरू पनि यदाकदा सुनिन्छन् ।

पुरस्कार लिन वा प्राप्त गर्न निवेदन दिनुपर्ने कुरा पनि विवादरहित छैन । पुरस्कार गुठीको पवित्रताका कुराहरूमाथि पनि यदाकदा प्रश्नहरू उठ्ने गरेका छन् । तर पनि पुरस्कार दिने संस्थाहरू स्थापना हुनु खुशीको कुरा हो । पुरस्कारको राशि बढ्दै बढाउँदै जानु पनि राम्रो कुरो हो । यसले स्रष्टाहरूलाई राम्रै गर्छ ।

**अनि पुरस्कृत हुने पात्र प्रतिभाहरूले पुरस्कार थाप्दा सोच्नु पर्ने केही कुराहरू हुन्छन् कि ?**

- स्वाभाविकरूपले कुनै पनि लेखकले आफूले प्राप्त गरेको वा प्राप्त गर्न लागेको पुरस्कार ग्रहण गर्ने नगर्ने कुरामा सावधानी अपनाउनु राम्रो कुरा हो । कस्तो गुठीबाट पुरस्कार दिन लागेको हो ? कस्तो पात्रको हातबाट प्रदान गर्न लागेको हो ? यी यस्ता कुरामा विचार गर्दा भविष्यमा हुनसक्ने पश्चात्तापबाट मुक्त हुन सकिन्छ । यसमा लेखकहरूको आफ्नो विचार प्रस्ट हुनुपर्छ । यो कुरा स्रष्टाको स्वाभिमान, अडानमा भर पर्ने कुरा हो ।

**अन्त्यमा, नेपाली साहित्यको उन्नयनका लागि के के गर्नुपर्छ जस्तो लाग्छ ? केही सुझावहरू दिनुहुन्छ कि ?**

- सबैभन्दा पहिले त विविध विधामा अनेक रचनाहरू आउनु पर्छ । रचनाहरू आकर्षक र प्रभावकारी बनाउँन स्वयं लेखकहरू सजग हुनुपर्छ । पर्याप्त अध्ययन र अनुसन्धानपछि मात्र लेख्न बस्दा उत्तम हुन्छ । साहित्यिक संघसंस्थाहरूले समसामयिक वैचारिक दार्शनिक विषयहरूमा नियमित छलफल र बहसहरू चलाउनु पर्छ । फरक मतलाई सम्मान गर्न मानसिकरूपले तयार हुनुपर्छ । नयाँ शिल्प र शैलीलाई समयसापेक्ष विचारले निर्देशित गर्नसक्नुपर्छ ।

**प्रज्ञाप्रतिष्ठानहरू सत्ताधारीहरूका आसेपासे र धुपौरेहरूको जागीर खाने अड्डामात्र बन्दा भाषा-साहित्यको उन्नयन हुनसक्दैन र राज्यले भाषा-साहित्यलाई अनुत्पादक क्षेत्र ठान्ने सोचमा परिवर्तन गनुपर्छ** । धन्यवाद अग्निचक्र मासिक तथा सम्पादक लक्ष्मीनारायण भट्टराईजीलाई ।




पत्र-साहित्य - विमल अधिकारी

# मनु ब्राजाकीलाई चिठी

आदरणीय मनु दाइ
नमस्कार !

मनु दाइ ! तपाईलाई जीवितमै मनु ब्राजाकी विशेषाङ्क उपहारस्वरूप दिने र मुस्कान तस्विर लिने धोको बगर पत्रिकाका सम्पादकको थियो । मनु ब्राजाकी विशेषाङ्क निकाल्ने भनी नकुल सिलवालले नै अभियान चलाई अन्तिम तयारीमा थियो । एक्कासि नकुलले आत्महत्या गरे । आत्महत्या गर्नुअघि तपाईले भेटेर विशेषाङ्कबारे छलफल गर्नु भएकै हो । नकुलले सन् २०१५ देखि ब्राजाकी विशेषाङ्कका लागि मलाई संयोजकको भूमिका दिएका थिए ।

दाइ ! तपाई २०१५ मा नेपालमा विनाशकारी भूकम्प गएको सात दिनपछि "नेपाल आमा र जन्म दिने आमा दुवै बिरामी" छन् गरे । कसैले पनि जिम्मेवारी लिएनन् । स्वयं कर्मचारी र जिम्मेवारी अधिकारीहरू २०६० सालसम्म थियो रे भनी जवाफ दिन थाले । त्यस्तै सदस्य - सचिवबाट हराएको रहेछ भने माफ माग्नुको विकल्प छैन भन्ने जवाफ मिल्यो । तपाईंले माया मारिदिनु भयो । नेपाली साहित्यले २१ ओटा उत्कृष्ट कथाको सँगालो गुमायो । अल्बर्ट कामुले मिथ अफ सिसिफस लेखे । त्यो पहिलो कथा थियो बेकारको प्रयास भन्ने मूल भावको । उनले निबन्ध लेखेका थिए । मनु दाइ । तपाईको जीवनको अर्को सिसिफसको कथा बन्यो - "आमालाई बेच्नु हुँदैन लाटा" । तपाई आफन्त गुमाए जस्तो महसुस गरी २०७० साउन २३ बाट माफ मागेको हेर्न एकेडेमीमा नजाने भन्दै भदौ ५ मा पुनः अमेरिका जानुभयो ।






भन्दै अमेरिकाको कोलोराडो वेस्ट मिनिस्टरबाट कहिल्यै नफर्किने गरी आउनुभयो । त्यस क्रममा तपाईंका बारे निकाल्ने पुस्तकको सामग्री बटुल्न निकै लागियो । तपाईले आनाकानी गर्दा गर्दै पनि समीक्षार्थ भन्दै पुस्तक कति बाँडियो बाँडियो । धेरै समीक्षकहरूले पुस्तक समीक्षा गरिदिने वचन मात्र दिए । २५% ले लेखे । मनु ब्राजाकीलाई गम्भीर अध्ययन गरे । बगर पत्रिकाको आकारप्रकार साजसज्जा मन पराएर पनि लेखे । नकुल सिलवालको आत्महत्या पछि मनु दाइ तपाई निकै निराश हुदै पुस्तक निस्कने कुरामा सशङ्कित हुनुभएको थियो ।

दाइ ! तपाईको "आमालाई बेच्नु हुँदैन लाटा" कथासङ्ग्रह नेपाल प्रज्ञा प्रतिष्ठानले गायब गरिदियो । सङ्ग्रह प्राप्तिका लागि अथक प्रयास

मनु दाइ । तपाईंको बारेको ग्रन्थ निकाल्ने नकुल सिलवालको अभियान पनि मिथ अफ सिसिफस नै बन्यो । सिसिफसको तेस्रो कथा हो - त्यो । नकुल अर्थात् बगरले मनु ब्राजाकी विशेषाङ्क निकाल्ने कुरा नकुलसँगै गयो । त्यसपछि नकुलका छोराले जोडतोड गरे । तपाईंको सन्तानसँग आर्थिक सहयोग जुटाई जसरी पनि बाबाको इच्छा पूरा गर्ने भन्दै दौडिए । उनी पनि सिसिफसको प्रयास मात्र बने । मनु दाइ । सम्पादक एवं कवि नकुलको मृत्युपछि साहित्यिक वृत्त र प्रकाशक एवं राज्यले बगर पत्रिकाले गर्न लागेको अन्तिम कार्य अपूरो भयो, पूरा गरौं न त भनेर सोचेन । प्रकाशकहरू तर्किने कुरा गर्न थाले । म त झन् निराश बनेको थिएँ । मेरो सम्पूर्ण साहित्यिक ऊर्जा मनु ब्राजाकीमा नै मुख्य रूपमा केन्द्रित थियो । सङ्कलित सामग्री नकुल पुत्रले दिन मानेनन् । हारगुहार गर्दा पनि मानेनन् । नकुल पुत्र आरम्भ गर्दै गर्दै गए । प्रकाशन गर्न असमर्थ भएको जनाए । नकुलको मृत्युपश्चात् मनु ब्राजाकीका शुभचिन्तकमध्येका एक सुविद गुरागाईंले नकुलको विशेषाङ्कको जिम्मा लिए । घोस्ट राइटिङबाट 'मनमौजी' पुस्तक निकाल्ने मिसनमा लागे ।

मनु दाइ ! पत्रकार एवं कवि सुविद गुरागाईंले २०७३ साउन १९ मा पुस्तक निकाल्ने र जीवितमै मनुलाई हस्तान्तरण गर्ने भने पनि आफ्नै घरायसी समस्या देखाएर ढिला गरिदिए । समयले पर्खिएन मनु दाइ ! सुविद गुरागाई तीन तहको चुनावमा परीवेक्षक भएर खटिए । ब्राजाकी पुस्तकको मिसन थाँती रह्यो । मैले पनि तपाईंसँग २०१७ फेब्रुअरीको पहिलो हप्ता विदा मागेर, सम्पूर्ण जिम्मेवारीको हस्तान्तरण कवि जीवन पानीलाई दिएर कोलोराडो पुगेँ । मनमौजी सिसिफसको चौथो कथा बन्यो । जीवितमै किताब निकाल्ने अभियान पूरा भएन । असफल प्रयासलाई सिसिफसको कथा मान्नुपर्छ ।

दाइ ! जीवनपानीले नकुल पुत्रसँग सामग्री लिएर कम्मर कसेर लागे तर प्रकाशकहरूको उदासीनताले दिक्क बने । सामग्री थाती रहे । लेख्नेले लेखे, इमेल पनि गरे । किताबको प्रतीक्षा गरिरहे । किताब लिएर पनि नलेख्नेहरूले सिरानमुनि किताब राखेर वचन दिइरहे । ६०० पृष्ठको पुस्तक निकाल्ने बारे भण्डारी परिवार पनि उदासीन बन्यो । तपाई स्वयंले आफ्नो किताबको चाहना राखेर पनि आर्थिक समस्या देखाउनुभयो ।

ब्राजाकीले आफ्नो किताब आफैं के निकाल्नु ? भनी आफैंलाई प्रश्न गर्दै सम्बन्धित निकायप्रति सङ्केत गर्नुभयो । यस क्रममा मैले पनि बुक आर्टका कार्तिकेय घिमिरेबाट गजल र कथासङ्ग्रह निकाल्न पहल गरेकै थिएँ । १५ दिनमा सम्झौता गर्ने २०% गर्ने भन्दै २० पटक सम्म १५ दिनको प्रतीक्षा गर्‍यौं । धोका धोका मात्र भयो । जीवनपानी पनि सक्रिय भएर CD दिए, खर्च गरे, गजल के निस्कन्थ्यो । कार्तिकेयले फोन उठाउन छोडे । यो पनि सिसिफसको कथा बन्यो । ब्राजाकीको समालोचनाको पुस्तक, गजल सङ्ग्रह र कथासङ्ग्रह निकाल्ने प्रसङ्गमा बुक आर्टका कार्तिकेय घिमिरेले गर्दा ९ महिना समय गयो । मिथ अफ सिसिफस नै बन्यो म र जीवनपानीको मिसन पनि सिसिफसको कथा जस्तै बन्यो ।


मनु दाइ ! ब्राजाकी जस्तो उत्कृष्ट साहित्य सिर्जना गर्ने सर्जकको पुस्तक निकाल्ने कुरामा यत्रो नाटक भयो । २०७४ को दसैं-तिहारपछि मन्जरीले तपाईंसँग गजल र कथाको पुस्तक निकाल्ने सम्झौता गरेको रहेछ । खुसी लागे पनि दाइ ! तपाईलाइ २०७४ मङ्सिरमा गम्भीर स्वास्थ्य समस्या भएछ । उपचारबाट डिस्चार्ज हुने बेला हामी निकै खुसी भएका थियौं । तर समयलाई कसले देखेको छ र ? २०७४ माघ १९ शुक्रबारको दिन तपाईं यो संसारबाट बिदा हुनुभयो । हामी मर्माहत बन्यौं । अपूरा कार्य अपूरा रहे । तपाईले आफ्नै बारे पुस्तक लेख्ने कुरा अपूरा रह्यो । नेपाली साहित्यले तपाईबाट अपेक्षा गरिरहेको थियो । राज्यले तपाईको उचित संरक्षण र सम्मान नगरेको अवस्थामा पनि तपाईले महत्वपूर्ण योगदान दिनुभएको कुरा इतिहासले भुल्ने छैन । जीवन्त कथाकार, इमानदार कथाकार, दार्शनिक कथाकार भनेर मूल्याङ्कन गर्ने छ ।

दाइ ! अन्तिममा तपाईंको देहावसानपछि मेरो वरिपरि अतीत घुमिरहेको छ । २०६३ मा कथाकार इस्मालीलाई भनेर आर आर क्याम्पसमा प्रवेश गराइदिनु भयो । मेरो भाग्यले दिएन । २०६३ मंसिर महिनामा छिरेर मङ्सिरमै हात धुनुपर्‍यो । म नयाँ भएर ठूलो घानमा भुटिएँ । मेरो पनि कमजोरी थियो होला, मैले तपाईको इच्छा पूरा गर्न सकिनँ । कसैलाई पनि दाह्रा नङ्ग्याउने मनु दाइ तपाईंले मेरा लागि धेरैलाई जागिरका लाई अनुरोध गर्नुभयो । मैले पनि आफ्नो क्षमताले भ्याएसम्म प्रयास गरे । सबैतिर अस्थिरता मात्र भयो । दाइ ! तपाईले विमल बाबू गाडी भाडा भन्दै मेरो खल्तीमा २००, र कहिलेकाही ५०० समेत राखिदिनुहुन्थ्यो । तपाईंप्रति कृतज्ञ छु । तपाईंको सरल, इमान्दार र मित्रवत् व्यवहार मेरा लागि प्रेरणाको स्रोत बनेको छ । तपाईंलाई रोयल्टी दिई संस्मरण लेखाउन सकेको भए नेपालको उत्कृष्ट पुरस्कार प्राप्त गर्ने कृति तयार हुन्थ्यो । अमेरिका गमन देखि मृत्युपूर्वको अवधिसम्म तपाई गम्भीर अध्ययनमा रहनुभएछ । त्यो ज्ञान कलममार्फत प्रकट गर्ने बेला हामीबाट तपाईंलाई छुटायो-यमराजले । हामीलाई छटपटी गरायो । तपाईंसँग २० वर्ष अझै रहने, साहित्यिक गतिविधि गर्ने चाहना पनि मिथ अफ सिसिफस बन्यो । रक्सी छोडेँ भनेको मान्छे त्यो दिन नखाइदिएको भए केही हुन्थ्यो कि ! भन्ने कुरा मेरो मनमा आइरहन्छ । जे जति गर्नुभयो राम्रै गर्नु भयो । हामीलाई एउटा कुरामा माफ गरिदिनुहोला । जीवितमै मनु ब्राजाकी पुस्तक हस्तान्तरण गर्न सकेनौं । आर्थिक र प्रकाशकको समस्यामा परिरह्यो राज्य र सम्बन्धित निकाय मनु ब्राजाकी जस्तो सर्जकप्रति उदासीन बन्यो । मनु दाइ ! जहाँ हुनुहुन्छ तपाईंको आर्शीवाद पाइरहु । मनु दाइ तपाईको असल साथी बन्न पाएकोमा म आफूलाई गर्व गर्दै धन्य ठान्छु ।

तपाईको - "विवेकहीन राजनीति र विचारहीन साहित्य दुवै त्याज्य हुन्" भन्ने वाणीले सबैलाई सत्मार्गमा लाग्न प्रेरणा गर्दछ । तपाईंका बारे तयार रहेको पुस्तक प्रकाशन गर्ने पुनः वचन दिँदै विदा हुन्छु । अल बिदा ! दाइ ! तपाईं सशरीर नभए पनि कृतिम हुनुहुन्छ । मनु ब्राजाकी अमर रहन्छन्.... रहनेछन् ।

उही शुभचिन्तक<br>
विमल<br>
२५ फेब्रुअरी, २०१८<br>
कोलोराडो, अमेरिका

# सिसार साहित्य प्रतिष्ठानद्वारा भागवत लोकार्पण




अनुवादक लक्ष्मीप्रसाद ज्ञवालीद्वारा अनुदित नेपाली श्रीमद्भागवत महापुराणको लोकार्पण गुल्मेली समाजका अध्यक्ष हरिप्रसाद न्यौपानेले हालै नेपाल प्रज्ञा-प्रतिष्ठान, कमलादी, काठमाडौंमा गर्नुभयो ।



कार्यक्रममा 'सिसार' साहित्यिक पत्रिकाका प्रधान सम्पादक ज्ञाननिष्ठ ज्ञवाली, कविहरू प्रल्हाद पोखरेल, सीता भट्टराई, ठाकुर शर्मा, पूर्व सचिव कृष्ण ज्ञवाली, समाजसेवी लोकेन्द्रराज भट्टराई, पूर्व प्रशासक कवि युवराज शर्मा गौतमलगायतले मन्तव्य राख्नुभएको थियो । भागवतमा परोपकारका लागि पूण्य गर्नुपर्ने आशय रहेको कुरा अनुवादकले बताउनुभयो । कार्यक्रममा संस्कृत तथा साधारण मा.वि. रिडीको शतवार्षिक समारोहको बारे पनि चर्चा गरिएको थियो । हरिप्रसाद न्यौपानेले भागवत आनन्द प्राप्ति हुने ज्ञानसागर भएको विचार व्यक्त गर्नुभयो । भागवतलाई सिरानीमा राख्नुपर्ने उपजीव्य ग्रन्थ भएको विचार आयोजक संस्थाका अध्यक्ष ज्ञाननिष्ठ ज्ञवालीले बताउनुभयो । ◆◆




# पर्यटन मन्त्री र सञ्चारकर्मीद्वारा चन्द्रागिरि केबुलकारको अवलोकन भ्रमण

चन्द्रागिरि हिल्स लिमिटेडले नवनियुक्त संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री रविन्द्र अधिकारी एवं विभिन्न सञ्चारमाध्यमका पत्रकारहरूलाई एकैसाथ चन्द्रागिरी केबलकारको अवलोकन भ्रमण गराएको छ । केबलकार चढेर पुगिने भालेश्वर महादेवको दर्शन गरी पर्यटन मन्त्री अधिकारी तथा सञ्चारकर्मीहरूले खुशी व्यक्त गरेका थिए । चन्द्रागिरि हिल्स लि. का अध्यक्ष चन्द्र ढकालले मन्त्री अधिकारी तथा पत्रकारमाझ भन्नुभयो – "आन्तरिक तथा बाह्य पर्यटकहरूको गन्तव्य बनेको चन्द्रागिरी हिल्स राज्यको उच्च प्राथमिकतामा पर्नु हामी उद्योगीहरूका लागि सकारात्मक पाटो हो । चन्द्रागिरी केवलकार जस्ता पर्यटकीय प्रोडक्टलाई अब क्रमश सातै प्रदेशका प्रदेशस्तरमा पनि विस्तार गर्दै लैजान्छौं ।"

नेपाल सरकारले निजी क्षेत्रको दिगो विकासलाई सुक्ष्म तवरले अध्ययन गर्दै मुलुकको पर्यटन पूर्वाधार विकासमा निजी क्षेत्रले अतुलनीय योगदान पुऱ्याउनेमा हामी विश्वस्त छौं भन्दै हिल्सका निर्देशक अम्बिका प्रसाद पौडेलले आफ्ना कुरा राख्नु भएको उक्त कार्यक्रममा उपस्थित मन्त्री अधिकारीले पनि पर्यटकीय गन्तव्य चन्द्रागिरीलाई पर्यटनको महत्वपूर्ण उत्पादन प्रोडक्टको रूपमा विकास गर्न सरकारले भरपुर सहयोग गर्ने कुरा बताउनु भएको थियो । नेपाल सरकारको पर्यटक बढाउने लक्षलाई सार्थक तुल्याउन चन्द्रागिरी हिल्स जस्ता पर्यटकीय गन्तव्यको प्रबर्द्धनलाई सरकारले प्राथमिकता दिने धारणा पनि मन्त्री अधिकारीले राख्नु भएको थियो ।

भालेश्वर मन्दिर परिसरमा बोल्दै मन्त्री अधिकारीले भन्नु भयो : 'नेपाल सरकारले पर्यटकीय पूर्वाधार विकास गरिदिने हो, पर्यटकीय उत्पादन, विस्तार र विविधिकरण चाहिँ निजी क्षेत्रले नै गर्नु पर्छ । पूर्वाधार निर्माण गर्नु पर्छ । पर्यटनमैत्री वातावरण सिर्जना गर्न र सुरक्षा प्रदान गर्न सरकार सधैं तयार छ । पर्यटकीय क्षेत्रको विकासका लागि निजी क्षेत्रको सहभागितालाई वृद्धि गरी प्रशस्त रोजगारी सिर्जना गर्न उद्यमी चन्द्र ढकाललाई मन्त्री अधिकारीले अनुरोध गर्नु भयो ।

देशको आर्थिक तथा दिगो विकासमा निजी क्षेत्रलाई लगानी मैत्री वातावरण तयार गर्न सके मुलुकको पर्यटन विकासमा उल्लेख्य प्रगति हुने कुरा आइएमई ग्रुपका पब्लिक रिलेशन मेनेजर तथा स्वतन्त्र लेखक राजु पौडेलले अग्निचक्रलाई बताउनु भयो । समुद्री सतहबाट २,५५१ मिटरको उचाइमा अवस्थित भालेश्वर महादेवको दर्शन गर्नाले भक्तजनको मनोकांक्षा पूरा भई अन्त्यमा शिवलोकमा वास हुने जनश्रुति पाइन्छ । चन्द्रागिरी हिल्स परिसरमा रहेको भालेश्वर मन्दिरको धार्मिक महत्व र ऐतिहासिक महत्व धेरै छ ।

दक्ष प्रजापतिको यज्ञमा होमिएकी सतीदेवीको मृत शरीरलाई महादेवले बोकेर पृथ्वी परिक्रमा गर्दा जहाँ सतीदेवीको भाल अर्थात् निधार पतन भयो, त्यस ठाउँमा भालेश्वर महादेव उत्पन्न भएको कुरा हिमवत्खण्डमा उल्लेख गरिएको पाइन्छ । नेपाली पत्र साप्ताहिकका कार्यकारी सम्पादक केशव अर्याल, मेट्रो एफ एमका पत्रकार गंगा प्रसाद दाहाल, अग्निचक्रका सम्पादक एल.एन. भट्टराई लगायत ५० जना पत्रकार तथा विद्वान्हरूको उपस्थिति बाक्लै देखिन्थ्यो ।

भालेश्वर महादेवको जय होस् ॥ ◆◆






# शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रको



भुपाल आचार्य

# नविन व्यवस्थापन आजको आवश्यकता

व्यवस्थापनको अभ्यास एवं विकास मानव सभ्यताको विकास क्रमसंगै शुरु भएको मानिन्छ । मानव सभ्यताको ढुगें युगदेखि औद्योगिक युगमा व्यवस्थापन सम्वन्धी काम हुने गर्दथ्यो । राज्यका आम नागरिकलाई विभिन्न रुपले आवश्यक पर्ने वस्तु तथा सेवाका लागि विभिन्न ओहोदामा रहेका व्यक्तिहरुले आफ्नो क्षेत्रको महत्वपुर्ण कामहरु व्यक्तिगत तथा सामुहिक रुपमा सम्पादन गर्दै संगठनहरुले निश्चित उद्देश्य हासिल गर्न प्रकृयावद्ध र सहज रुपमा गरिने कृयाकलाप नै व्यवस्थापन हो । अर्को शब्दमा भन्दा सिमित श्रोत र साधनलाई अधिक मात्रामा प्रयोग गरी बढी प्रतिफलमुखी बनाउन सक्नु व्यवस्थापन हो ।

कुनै पनि संगठनको विकास त्यस संगठनको स्वस्थ एवं असल व्यवस्थापनमा निर्भर हुन्छ । व्यवस्थापन मानिसको आर्थिक तथा समाजिक जीवनको एक महत्वपूर्ण पक्ष मानिएको छ र यो एक वैज्ञानिक विचार र शिल्पशास्त्रीय नविन पद्दतीबाट परिष्कृत आधुनिक सामाजिक तथा व्यवसायिक संगठनहरुमा नभइ नहुने ठानिन्छ । यसले सामुहिक रुपमा कूशलता पूर्वक काम गर्ने कलाको अवधारणालाई मान्यता दिएको हुन्छ । संस्थामा आफु अन्तर्गतका सहयोगी कर्मचारीहरुबाट बढीभन्दावढी काम लिन सक्ने कला असल व्यवस्थापन भित्रको अन्तर बस्तुको रुपमा रहेको हुन्छ । संगठनमा विभिन्न पेशागत संगठित समूहहरु पनि रहेका हुन्छन् ।

यी सबै समूहहरुलाई मिलाउँदै सहजरुपमा संगठनको विकाश गर्नु कूशल व्यवस्थापन भित्रको कलात्मक शैली हो । संगठनले तय गरेका निश्चित उद्देश्य तथा लक्ष्य हासिल गर्न विभिन्न शीपयुक्त अर्धशिपयुक्त, प्राविधिक तथा अप्राविधिक श्रमजीवि कर्मचारीहरु संगठनका लागि महत्वपूर्ण श्रोतका रुपमा रहेका हुन्छन् । उनीहरुलाई कार्य सम्पादन गर्न व्यवस्थापन तहबाट समर्थन, सहयोग, समन्वय, उत्प्रेरणा आदि हुनु पर्दछ । कर्मचारी तथा कामदारले चाहेको प्राविधिक सामाजिक, मनोवैज्ञानिक, वन्धुत्व, भातृत्व, असल मानवीय सम्बन्धको वातावरण संगठनको व्यवस्थापकले तयार गर्नुपर्दछ ।

असल वातावरणमा मात्र कर्मचारीले आफ्नो शीप कौशल, दक्षताको प्रयोग गरेर सहज रुपमा कार्य सम्पादन गर्न सक्दछन् । कुनै पनि संस्थाको लागि व्यवस्थापनका साथै प्रशासन पनि उत्तिकै महत्वपूर्ण मानिन्छ । संगठनको कार्यप्रकृया तथा पद्दतिलाई मध्यनजर गरी कतिपय विद्वानहरुले प्रशासन र व्यवस्थापनको उस्तै उस्तै परिभाषा दिई दुवैलाई बराबरीमा राखेको पाइन्छ । प्रशासनलाई बृहत धारणा (macro Concept) र व्यवस्थापनलाई शुक्ष्म धारणा (micro Concept) को रुपमा प्रतिपादन गरेको पाइन्छ । प्रशासनले संगठनलाई मर्यादित, स्थिर तथा गतिशील बनाउनको लागि प्रकृयागत कृयाकलाप संचालन गर्दछ भने व्यवस्थापनले संगठनलाई मर्यादित, स्थिर तथा गतिशील बनाउनको लागि प्रकृया पुऱ्याउने कृयाकलाप सञ्चालन गर्दछ । त्यसो भएको हुँदा प्रशासन र व्यवस्थापन एक अर्काका परिपूरक हुन् । साथै संगठनमा दुबैको उपस्थिति अनिवार्य हुन आवश्यक छ ।

संस्थाको उद्देश्य तथा लक्ष्य एक व्यक्तिको प्रयासबाट मात्र हासिल गर्न नसकिने भएको हुँदा त्यहा संलग्न तल्लो तहदेखि माथिल्लो तहसम्मका कर्मचारीहरुको सामूहिक प्रयास, सहयोग, समन्वय, हातेमालो तथा सामन्जस्यता विकास गरेर संस्थाको निर्दिष्ट तथा निश्चित उद्देश्य पुरा गर्न सकिन्छ ।

**शहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र नेपालको एकमात्र सरकारी मुटुरोग अस्पताल हो । यसले छोटै अवधीमा प्रशिद्धी कमाएको छ । बाँसवारी छाला जुत्ता कारखाना रहेको स्थानमा सो कारखानाको निजीकरण पछि गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र बनाइएको थियो । यो अस्पताल सस्तो उपचारका लागि चर्चित हुनुका साथै नेपालका थोरै स्वनिर्भर सरकारी अस्पतालमध्ये एक भएको छ ।**

कुनै व्यक्तिले म र मैले गरेँ भनेर घमण्ड गर्नु सवैभन्दा ठुलो भुल हुनेछ र ती सहयोगी समुह माथि अन्याय हुनेछ । सामुहिक प्रयासबाट गरिने काम मात्र दिगो र प्रभावकारी हुनेछ र व्यवस्थापकीय कार्य गर्दा निम्न तत्वहरुमा ध्यान दिन आवश्यक देखिन्छ ।

योजना तर्जुमा गर्नु, व्यवस्थापन गर्नु, नेतृत्व गर्नु, समन्वय गर्नु, नियन्त्रण गर्नु, पदस्थापन तथा नियुक्ति गर्नु, उत्प्रेणा गर्नु ।

संस्थाको प्रविधि, पद्दति कार्यप्रकृति अनुसार कार्यशैली फरक फरक हुने भएको हुदा व्यवस्थापन संयन्त्र पनि परिस्थिति अनुसार निर्माण भएको हुन्छ । यसलाई आन्तरिक तथा वाह्य कारणले प्रभाव पारेको हुन्छ र व्यवस्थापनले उपयुक्त तथा अनुकूलता हेरी विभिन्न शैलीको प्रयोग गर्न सक्नुपर्दछ । व्यवस्थापनको प्रयोग समयानुकूल फरक फरक सिद्धान्तमा आधारित भएर शुरुका दिनमा उद्योगहरुमा बढी प्रयोग भई औद्योगिक सफलता पछि यसको प्रयोग सबै किसिमका संस्थाहरुमा भएको पाइन्छ ।

समय र प्रविधि संगै Classical Theory देखि Modern Theory सम्म आइपुग्दा शुरुका सिद्धान्तमा भएका कमीकमजोरीलाई हटाउदै परिस्कृत रुपमा नयाँ सिद्धान्तहरु समेत प्रतिपादित भए । पुराना सिद्धान्तहरु असफल भएपनि हामीमा अझै पनि त्यस्तै प्रकारका सिद्धान्तहरुको अभ्यास र प्रयोग बढीमात्रामा भएको पाइन्छ जस्ले संस्थालाई समय सापेक्ष र चुस्त बनाउन नसकेको यथार्थताका कारण त्यस्ता किसिमका संस्थाहरु आधुनिक प्रतिस्पर्धात्मक युगमा टिकिरहन गाह्रो देखिन्छ ।

Modern Theory मा व्यवस्थापकीय अभ्यास गर्दा एउटै शैलीलाई मात्र प्रयोग नगरी संस्थाको अवस्था, परिस्थिति र बाह्य वातावरणको अध्ययन उपयुक्तता तथा अनुकूलताअनुसार भूमिका निभाउनु पर्दछ । व्यवस्थापनले सबैलाई उचित जिम्मेवारी दिएर तिनिहरुलाई Accountable बनाउन आवश्यक छ । व्यवस्थापनका आधुनिक सिद्धान्त मध्ये 7-s Model लाई सबै भन्दा नविन सिद्धान्तको रुपमा लिइएको पाइन्छ । जसलाई Shared values, Systems, Style, Staff, Skills, Strategy and Structure भन्ने जनाउँदछ र नविन सिद्धान्तहरुको अभ्यास र प्रयोगले संस्थागत व्यवस्थापनमा आमूल परिवर्तन गर्न समेत सहजीकरण हुन सक्दछ ।

२१ औं सताव्दीको व्यवस्थापनमा Work Place Democracy लाई एउटा प्रमुख मान्यताको रुपमा लिइएको पाइन्छ । यसको विकास अमेरिकामा स्वतन्त्र मजदुर संगठन जसमा कर्मचारीहरुबाट निर्वाचित गरी प्रतिनिधित्व गराइन्थ्यो र यसको नारा "The Members Run this Union" भन्ने थियो ।

कुनै पनि संस्था वा संगठनमा मजदुरसंगठनको प्रतिनिधि त्यहाँ कार्यरत कामदारहरुको तर्फबाट व्यवस्थापकीय गतिविधिहरुमा सहभागी जनाउन छनौट गरेर पठाइन्छ र उक्त प्रतिनिधिले कामदार कर्मचारीहरुको प्रतिनिधित्व गर्दै हरेक व्यवस्थापकीय तह समिति, उपसमिति तथा सञ्चालक समिति जस्ता निर्णायक स्थानमा आफ्नो उपस्थिति जनाउँदछ ।

कार्यस्थलमा हुने लोकतन्त्रमा कामदार कर्मचारीहरुलाई उत्तरदायी भई आफ्नो कार्यसम्पादन गर्न आवश्यक पर्ने पूर्वाधारहरुको विकास गर्नु, आपसी समझदारी कायम गर्दै संस्थागत विकास गर्नु, स्वच्छ, चुस्त तथा प्रभावकारी तरिकाले कार्य सम्पादन गर्नु, वृत्तिविकास गर्नु आदि कुराहरुमा जोड दिइन्छ र स्वतन्त्रताको यथोचित अनुभूति संगठनमा काम गर्ने श्रमजीवि कर्मचारीहरुमा हुँदा स्वतस्फूर्त रुपमा सबै कर्मचारीहरुले आफ्नो उत्तरदायित्व बहन गर्न उत्प्रेरित हुने, संस्था हाम्रो हो भन्ने भावना जागृत हुने र आपसी सहिष्णुताको विकास भएर समग्रमा उत्पादन तथा सेवाको गुणस्तरमा समेत सुधार आउने कुराको राय विज्ञहरुमा रहेको पाइन्छ भने कार्यस्थलमा स्वतन्त्रताको वातावरण तयार नहुँदा कतिपय संगठनमा काम गर्ने कामदार कर्मचारीहरुमा नैरास्यता आउने, कर्मचारी छिटोछिटो परिवर्तन भइरहने, उत्पादन तथा सेवामा कमी आउने तथा बन्द हड्ताल जस्ता गतिविधि बढ्नुका साथै संस्थाको गतिमा समेत न्यूनता आउने सम्भावना प्रवल रहने भएकाले पनि कार्यस्थलमा हुने लोकतान्त्रिक वातावरण आधुनिक युगमा सबै संगठित संस्थाहरुमा हुन आवश्यक छ ।

व्यवस्थापकीय त्रुटीका कारण कतिपय संस्थाहरु लामो समय सम्म टिक्न नसकेको यथार्थलाई मनन् गर्दै संस्था भित्र काम गर्ने सबै कामदार कर्मचारीहरुको राय सुझाव समेतलाई महत्व दिई दिगो व्यवस्थापन गर्न सक्नु कुशल व्यवस्थापन भित्रको चातुर्यता हो ।

*(लेखक आचार्य शहीद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्रमा सेवारत हुनुहुन्छ ।)*

# संस्कृत तथा साधारण माध्यमिक विद्यालय
# शतवार्षिक महोत्सव-२०७४ सम्पन्न








नेपालका चारधाम; मुक्तिक्षेत्र, रूरूक्षेत्र, पशुपतिक्षेत्र र वराहक्षेत्रमध्ये एक प्रमुख धाम रूरूक्षेत्र हो । यो गुल्मी, पाल्पा र स्याङ्जा जिल्लाको त्रिकोणात्मक सम्बन्ध रहेको बिन्दुमा पर्दछ । यो पवित्र भूमि हो । यस क्षेत्रको पौराणिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक र पर्यटकीय दृष्टिले समेत निकै महत्त्व रहेको कुरा विभिन्न सन्दर्भमा चर्चा भएकै छ । स्याङ्जा भिर्गुतुङ्गेश्वर महादेव, पाल्पामा हृषीकेश मन्दिर र गुल्मीमा विष्णु मन्दिर तथा कञ्चनेश्वर महादेवको मन्दिर यही संगममा छ । यस क्षेत्र हुँदै कालीगण्डकी नदी बहन्छ । नवलपरासीको ७६९ विधा जग्गाको आयस्ताबाट सञ्चालन हुने सदावर्त गुठी राखिएको थियो । गुठी तत्कालीन राजा पृथ्वीवीरविक्रम शाहको पालामा स्थापना गरिएको थियो । गुठीको आयस्ताबाट हृषीकेश मन्दिरको सत्तलमा बस्ने बृद्धबृद्धालाई भोजन गराइन्थ्यो ।

यस क्षेत्रमा वि.सं. १९६९ मा परम्परागत गुरूकुल पद्धतिमा आधारित भाषा पाठशालाको रूपमा हालको संस्कृत तथा साधारण माध्यमिक विद्यालयको स्थापना भएको थियो । विद्यालयले विभिन्न चरणमा आफ्नो पहिचान बनाएको पाइन्छ । कहिले संस्कृत प्रधान पाठशाला, कहिले संस्कृत मा.वि. त कहिले संस्कृत तथा साधारण मा.वि. भएको छ । गुठीको आयस्ताबाट संस्कृत पाठशाला सञ्चालन गर्न तत्कालीन राजा पृथ्वीवीरविक्रमले हुकुम दिए । १९६९ सालमा गुल्मीको विष्णुपञ्जरमा पाठशाला स्थापना गरियो । १०८ जना छात्रलाई भोजन र आवासको व्यवस्था हुनसक्ने गरी पाठशाला स्थापना गरिएको थियो । सुरूमा २७ जनामात्र विद्यार्थी भर्ना भए । ढुण्डीराज पन्थीलाई शिक्षकका रूपमा नियुक्ति गरिएको थियो । ढुण्डीराजले भारतको बनारसबाट मध्यमासम्मको शिक्षा आर्जन गर्नुभएको थियो । भाषा पाठशाला भनिए पनि संस्कृत शिक्षा प्रदान गर्ने गरिन्थ्यो । पाठशालामा अमरकोष, लघु सिद्धान्त कौमुदी ग्रन्थका साथै चण्डी, वेद विषयको पनि अध्यापन हुन्थ्यो ।

२०१६ साल माघबाट माध्यमिक तहसम्मको अध्यापन थालियो । पाठशालामा कक्षा ६ देखि १० सम्म पठनपाठन सुरू भयो । कक्षा १० को अध्ययन पूरा गरेका विद्यार्थीलाई २०१७ सालमा भारतको बनारसमा

लगेर पूर्व मध्यमाको परीक्षा दिन लगाइयो । जम्मा १० जना विद्यार्थी थिए र तीमध्ये सात जनाले पूर्वमध्यमा परीक्षा उत्तीर्ण गरे । २०१८ सालमा पनि यसैगरी बनारस (क्विन्स कलेज) बाटै परीक्षा दिलाइयो । विद्यार्थीलाई शिक्षकहरूले आफू साथै बनारस लिएर जान्थे । २०१९ सालमा पाल्पामा लगियो र संस्कृत देववाणी विद्यालयमा रहेको परीक्षा केन्द्रबाट पूर्वमध्यमाको परीक्षा दिलाउने व्यवस्था गरियो । यो क्रम २०३५ सालसम्म कायम रह्यो ।

विभिन्न समयमा विभिन्न प्रकारका उतारचढाव झेल्दै, टहरादेखि अहिलेको भव्य विशाल भवनसम्मको भौतिक स्वरूपमा उक्त विद्यालय देखापरेको छ । शैक्षिकस्तरमा समेत यसले निकै विशिष्ट व्यक्तित्व उत्पादन गर्नेदेखि लिएर हाल कक्षा ११ र १२ को यात्रामा लम्कँदै छ ।

यस विद्यालयको स्थापनाकालका सम्बन्धमा भने १९५७ देखि १९५८ साल असोजभित्र भएको भन्ने कुरा कैलाशकुमार बजिमय र लोकेन्द्रराज भट्टराईले सुनेको कुरा पनि चर्चामा छ । रिडीमा २०१८ सालमा आएको विशाल बाढीले सबै पुराना लिखित प्रमाणहरू बगाएको, पुरानो रिडीबजार पूरै निमिट्यान्न पारेकाले पनि यस सम्बन्धमा प्रमाण जुटाउन गाह्रो देखिन्छ । तथापि विभिन्न अग्रज बुद्धिजीवी र अग्रज शिक्षक पं. ज्ञानेश्वर ज्ञवाली (पं. देवेश्वर सरस्वती) बाट प्राप्त जानकारीका आधारमा १९६९ साल नै प्रमाणित स्थापना काल मानिएको छ ।

यस विद्यालयका बारेमा जिज्ञासुका लागि 'हाम्रो शैक्षिक इतिहास' (२०६०) पुस्तकले केही समाधान गर्दछ । यस पुस्तकको 'संस्कृत माध्यमिक विद्यालय' (रूरू मावि-४ रिडी गुल्मी) शीर्षकमा ऐतिहासिक पृष्ठभूमि, भौगोलिक अवस्था, शैक्षिक अवस्था, भौतिक व्यवस्थापन, आर्थिक व्यवस्थापन, मसलन्द व्यवस्थापन, पाठ्यक्रम र पाठ्यपुस्तकजस्ता उपशीर्षक दिई प्रकाश पारिएको छ । विविध पक्ष शीर्षकमा विद्यालयका प्र.अ., शिक्षकहरू, सञ्चालक समितिका अध्यक्षहरू, भवन निर्माण-उपभोक्ता समितिका नामावलीहरू दिइएको छ ।

विद्यालयबाट उत्पादन भएका शैक्षिक व्यक्तित्वहरूको विभिन्न स्थानमा पुगेर वा सरकारी उच्च ओहोदामा रहेर गरेको भूमिकाको उल्लेख गरिएको छ । २०१२ सालदेखि २०६० सालसम्मका दुई हजार ३९० विद्यार्थीहरूको नामावली पनि समावेश गरिएको छ । यस अध्ययनमा फेरि १४ वर्षको थप विवरण थप्नुपर्ने देखिन्छ ।








यसप्रकारबाट १०५ वर्षे यात्रामा लम्किरहेको-चम्किरहेको संस्कृत तथा साधारण मा.वि. रिडीले 'शतवार्षिक महोत्सव' (२०७४) फागुन १ देखि ५ गतेसम्म सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीको प्रमुख आतिथ्यमा भव्यरूपमा मनाइएको छ । सो कार्यक्रममा मूल समारोह समिति संयोजक गुरुप्रसाद ज्ञवालीले अध्यक्षता ग्रहण गर्नुभएको थियो । विभिन्न पत्र, पर्चाहरू तयार पारिएका थिए । नेपाल सरकारका पूर्व सचिव कृष्ण ज्ञवाली संयोजक र त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक ज्ञाननिष्ठ ज्ञवाली सदस्य-सचिव रहेको सहयोग तथा सम्पर्क समिति काठमाडौँमा गठन गरिएको थियो ।

**संस्कृत र विज्ञान शिक्षामा स्तरीयता, भौतिक पक्षमा सम्पन्नता, आर्थिक पक्षमा सफलता । संस्कृत तथा साधारण मा.वि. को शतावार्षिक महोत्सवमा हामी सबैको सक्रिय सहभागिता ॥**

भन्ने मूल लक्ष्य यस शतवार्षिक महोत्सवको रहेको थियो र महोत्सव कार्यक्रम भव्य रूपमा सम्पन्न भएको थियो । सहयोग गर्ने सबैलाई हार्दिक धन्यवाद छ ।

*(लेखक ज्ञवाली शतवार्षिक महोत्सव सहयोग तथा सम्पर्क समिति, काठमाडौँका सदस्य-सचिव तथा विद्यालयका भूतपूर्व विद्यार्थी हुनुहुन्छ -सम्पादक)* ◆◆



# कालिकोपनिषत् – २९

*ॐ अथ हैनं ब्रह्मरन्ध्रे ब्रह्मरुपिणीमाप्नोति । सुभगां त्रिगुणितां मुक्तासुभगां कामरेफेन्दिरासमस्तरूपिणीमेतानि त्रिगुणितानि तदनु कूर्चबीजं व्योमषष्ठस्वरां विन्दुमेलरूपां तद्वयं मायाद्वयं दक्षिणे कालिके चेत्यभिमुखगतां तदनु बीजसप्तकमुच्चार्य बृहद्भानुजायामुच्चरेत् । स तु शिवमयो भवेत् । सर्व- सिद्धिश्वरो भवेत् । गतिस्तस्यास्तीति । नान्यस्य गतिरस्तीति । स तु वागीश्वरः । स तु नारीश्वरः । स तु देवेश्वरः । स तु सर्वेश्वरः । अभिनवजलदसङ्काशा घनस्तनी कुटिलदंष्ट्रा शवासना कालिका ध्येया । त्रिकोणं पञ्चकोणं नवकोणं पद्मम् । तस्मिन् देवीं सर्वाङ्गेऽभ्यर्च्य तदिदं सर्वाङ्गं ओं काली कपालिनी कुल्ला कुरुकुल्ला विरोधिनी विप्रचित्ता उग्रा उग्रप्रभा दीप्ता नीला घना बलाका मात्रा मुद्राऽमिता चैव पञ्चदशकोणगाः । ब्राह्मी नारायणी माहेश्वरी कौमारी अपराजिता बाराही नारसिंहका चेत्यष्टपत्रगाः । षोडशस्वरभेदेन प्रथमेन मन्त्रविभागः । तन्मूलेनावाहनं तेनैव पूजनम् । य एवं मन्त्रराजं नियमेन वा लक्षमावर्तयति स पाप्मानं हन्ति । स ब्रह्मत्वं भजति । सः अमृतत्वं भजति । स आयुरारोग्यमैश्वर्यं भजति । सदा पञ्चमकारेण पूजयेत् । सदा गुरुभक्तो भवेत् । सदा देवभक्तो भवेत् । धर्मिष्ठतां पुष्टिमहतवाचं विप्रा लभन्ते । मन्त्रजापिनो आत्मा विद्याप्रपूरितो भवति । स जीवन्मुक्तो भवति । स सर्वशास्त्रं जानाति । स सर्वपुण्यकारी भवति । स सर्वयज्ञयाजी भवति । राजानो दासतां यान्ति । जप्त्वा स सर्वमेतं मन्त्रराजं स्वयं शिव एवाहमित्यणिमादिविभूतीनामीश्वरः कालिकां लभेत् ।*

आवयोः पात्रभूतः सन् सुकृती त्यक्तकल्मषः ।
जीवन्मुक्तः स विज्ञेयो यस्मै लब्धा हि दक्षिण ।

दशांश होमयेत्तदनु तर्पयेत् । अथ हैके यज्ञान्कामानद्वैतज्ञानादीननिरुद्धसरस्वतीति । अथ हैषः कालिकामनुजापी यः सदा शुद्धात्मा ज्ञानवैराग्ययुक्तः शाम्भवीदीक्षासु रक्तः शाक्तासु । यदि वा ब्रह्मचारी रात्रौ नग्नः सर्वदा मधुनाऽशक्तो मनसा जपपूजादिनियमवान् । योषित्प्रियकरो भगोदकेन तर्पणं तेनैव पूजनं कुर्यात् । सर्वदा कालिकारूपमात्मानं विभावयेत् । स सर्वदा योषिदासक्तो भवेत् । स सर्वहत्यां तरति तेन मधुदानेन । अथपञ्चमकारेण सर्वमायादिविद्यां पशुधनधान्यं सर्वेशत्वं च कवित्वं च । नान्यः परः पन्था विद्यते मोक्षाय ज्ञानायं धर्माधर्माय । तत्सर्वे भूतं भव्यं यत्किञ्चिद्दृश्यमानं स्थावरजङ्गमं तत्सर्वे कालिकातन्त्रे ओतंप्रोतं वेद । य एवं मनुजापी स पाप्मानं तरति । स भ्रूणहत्यां तरति । सोऽगम्यागमनं तरति । स सर्वसुखमाप्नोति । स सर्वे जानाति । स सर्वसन्न्यासी भवति । स बिरक्तो भवति । स सर्ववेदाध्यायी भवति । स सर्वमन्त्रजापी भवति । स सर्वशास्त्रवेत्ता भवति । स सर्वज्ञानकारी भवति । स आवयोर्मित्रभूतो भवति । इत्याह भगवान् शिवः । निर्विकल्पेन मनसा स बन्धो भवति । अथ हैनां,

*मूलाधारे स्मरेद्दिव्यं त्रिकोणं तेजसां निधिम् ।*
*शिखा आनीय तस्याग्नेरथ तूर्ध्वे व्यवस्थिता ।*
*नीलतोयदमध्यस्था विद्युल्लेखेव भास्वरा ।*
*नीवारशूकवत्तन्वी पीता भास्वत्यणूपमा ।*
*तस्याः शिखाया मध्ये परमात्मा व्यवस्थितः ।*
*स ब्रह्मा स शिवः सेन्द्रः सोक्षरः परः स्वराट् ।*
*स एव विष्णुः स प्राणः स कालोऽग्निःस चन्द्रमाः ।*
*इति कुण्डलिनीं ध्यात्वा सर्वपापैः प्रमुच्यते ।*

*महापातकेभ्यः पूतो भूत्वा सर्वमन्त्रसिद्धिं कृत्वा भैरवो भवेत् । महाकालभैरवोऽस्य ऋषिः । अनुष्टुप् छन्दः (उष्णिक् छन्दः) कालिका देवता । ह्रीं बीजं हूं शक्तिः क्रीं कीलकं, अनिरुद्धसरस्वती देवता । कवित्वे पाण्डित्यार्थे (धर्मार्थकाम-मोक्षार्थे) जपे विनियोगः । इत्येवमृषिच्छन्दोदैवतं ज्ञात्वा मन्त्रसाफल्यमश्नुते । अथर्वविद्यां प्रथममेकं द्वयं त्रयं वा नामद्वयसंपुटितं कृत्वा योजयेत् । गतिस्तस्यास्तीति । नान्यस्य गतिरस्तीति । ॐसत्यम् । ॐ तत्सत् ।*

*अथ हैनं गुरु परितोष्यैनं मन्त्रराजं गृह्णीयात् । मन्त्रराजं गुरुस्तमपि शिष्याय सत्कुलीनाय विद्याभक्ताय सुवेषां स्त्रियं स्पृष्ट्वा स्वयं निशायां निरूपद्रवः परिपूज्य एकाकी शिवगेहे लक्षं तदर्धं वा जपित्वा दद्यात् । ॐ ॐ ॐ सत्यं सत्यं सत्यम् । नान्यप्रकारेण सिद्धिर्भवति । अथाह वै कालिकामनोस्तारामनोस्त्रि- पुरामनोः सर्वदुर्गामिनोर्वा स्वरूपसिद्धिरेवमिति शिवम् ।*

*

ॐ अनि यी कालिकालाई ब्रह्मरन्ध्रमा ब्रह्मरुपिणीलाई भेट्टाउँछ । सुभागा, त्रिगुणले पूर्ण, मुक्तस्वरूपा काम-रेफ-इन्दिरा रूपकी यी त्रिगुण भएकी, त्यसपछि कूर्चबीज व्योमषष्ठस्वरकी, विन्दुसमेत मिलेकी रूपकी, त्यही दुई जोडी माया दायाँमा कालिकासमेत अधिल्तिर रहेकी अनि बीजसप्तक उच्चारण गरेर बृहद्भानुजायालाई उच्चारण गरोस् ! त्यो गर्ने त्यो कर्ता शिवमय हुनेछ । सर्वसिद्धिको मालिक हुनेछ । त्यस्ताको सद्गति छ, अरूको सद्गति पनि हुन्न । त्यो वागीश्वर, नारीश्वर, देवेश्वर र सर्वेश्वर बन्नेछ । नयाँ वर्षा गराउने बादल जस्तो तेजकी, घनस्तनी, बांगा दाह्राकी, मुर्दामाथि बसेकी कालिकाध्यान गर्नुयोग्य हुन्छ । त्रिकोण षट्कोण र नवकोणवाला कमल । त्यसमै देवीलाई सर्वागमा पुजेर, त्यहीं नै यो सर्वाङ्ग त ॐ काली कपालिनी, कुल्ला, कुरुकल्ला, विरोधिनी, विप्रचित्ता, उग्रा, उग्रप्रभा, दीप्ता, नीला, घना, बलाका, मात्रा, मुद्रा र अमिता पन्ध्र कुनामा बस्छन् । ब्राम्ही, नारायणी, माहेश्वरी, कौमारी, अपरिजिता, वाराही, नारसिंहिका चाहिं आठ पातामा रहन्छन् । सोह्र स्वरको भेदले पहिलोले मन्त्र विभाजन गर्नू, त्यसैको मूल मन्त्रले आह्वान र पूजन गर्नू । जो साधक यसरी मन्त्र-राजलाई नियमसाथ लक्ष-आवृत्ति गर्दछ, त्यसले पापी मनै मारिदिन्छ । ऊ ब्रह्मत्व भेट्टाउँछ, अमृतत्त्व भेट्टाउँछ, आयु-आरोग्य - ऐश्वर्य भेट्टाउँछ । सधैं पञ्च मकारले नै पुजोस् ! सधैं गुरुभक्त रहोस् ! सधैं देशभक्त बनोस् ! धर्मिष्ठताको पुष्टि गर्ने वचनहरू प्राप्त गर्नेछन् त्यस्ताले । विप्रहरू मन्त्रजापी आत्मचाहिं विद्याले परिपूर्ण पनि बन्नेछन् र जीवन्मुक्त हुन पाउँछन् । शास्त्रज्ञ पुण्यकारी, यज्ञयाजी र राजा-महाराजाको

स्वामी बन्नेछन् । यो मन्त्रराज जप्दा जप्दा ऊ स्वयमै म शिव हुँ भन्ने अनुभव पाउन थाल्छ र अनि अणिमा आदि विभूतिको स्वामी भई कालिका लाई प्राप्त गर्नेछ । शिव र कालिका पात्र बनेर जीवन्मुक्तिको दक्षिण पाउनेछ ।

दश खण्डमा एक खण्ड (दशांश) होम गरोस् र तर्पण गरोस् । त्यसपछि एउटामा 'यज्ञान्-कामान्-अद्वैत ज्ञानदीनं अनिरुद्धसरस्वती' भन्दै अनि यो कालिकाको जप गर्ने, सधैं शुद्ध आत्माको, ज्ञान-वैराग्यवाला, शाम्भवी विद्याहरूमा प्रेमी र सङ्लग्न हुनेहरूमा मात्र । यदि ब्रमहचारी छ भने रातमा नमस्कार गर्दै सधैं मधुतिर आसक्त मनले जप पूजा आदि नियम गरोस् र आईमाईलाई मनपर्ने भगोदक मुद्राको तर्पण र पूजा गरोस् । सधैं आफूलाई कालिकाको रूपमा देखोस् । त्यसरी गरे ऊ सधैं स्त्री-आसक्त हुनेछ । मधुदान गरे सर्वहत्याबाट तर्छ । अनि पञ्च मकारले पुजे सबै मायाविद्या, पशुधन धनधान्य, सर्वेशत्व र कवित्व भेट्टाउँछ । मोक्षका लागि-ज्ञानका लागि-धर्माधर्मका लागि अर्को यसभन्दा ठूलो मार्ग छैन । तसर्थ सम्पूर्ण भूत भविष्य र वर्तमानका निमित्त यो दृश्य-जगत् सबै कालिकातन्त्रमा ओतप्रोत छ भन्ने जान ! जो यसरी नै यसलाई आत्मसात् गर्नेछ, त्यो समग्र पापबाट मुक्त हुन्छ । सबका सब पाप महापाप महापातकबाट मुक्त भई सर्वज्ञ-सर्ववन्द्य बन्नेछ । भगवान् शिवले नै यसै भन्नुभएको छ । यो काम निर्विकल्प मनले गर्नुपर्छ, कुरा यही हो ।

अनि त यिनै कालिकालाई-मूलाधारमा दिव्य त्रिकोण भई बडो तेजकी खानी बनेकीलाई ध्यान गरोस् ! त्यही अग्निको शिखा ल्याएर त्यसैमाथि रहने व्यवस्था पनि गरिएको छ । माझमा बिजुलीको चमक झैँ चहकिलो-उज्यालो नीलो मेघ जस्तै अनि नीवार (समाधान) को सुगा झैँ झीनो पहेंलो अणुसरहको र त्यस्तै त्यसका सिउरको माझमा परमात्मा व्यवस्थित छन् । तिनै ब्रह्म हुन् ! तिनै शिव हुन् ! तिनै विष्णु, तिनै प्राण, तिनै काल, तिनै अपान, तिनै चन्द्रमा हुन् भनी कुण्डलिनीलाई ध्यान गरेर रह्यो भने समस्त पाप र दोषबाट विमुक्त हुनेछ ।


त्यसरी महापातकहरूबाट पवित्र बनेर सबै मन्त्रहरू सिद्ध गरेर भैरव हुनेछ । यस मन्त्रको ऋषि महाकाल-भैरव हुन् । अनुष्टुप् वा उष्णिक् सरस्वती देवता हुन् । कवित्वका निम्ति, पाण्डित्यका निम्ति, धर्मार्थकाममोक्षका निम्ति जपमा विनियोग गर्दैछु । यति भनी यसरी ऋषि-छन्द-देवता चिनेपछि मन्त्रको सफलता भोग्न पाउँछ । अथर्वविद्या एउटा वा दुईवटा वा तीनवटा वा दुवै नामले संपुटित् गरेर जोडोस् ! अनि त्यसको असद्गति हुन्न ॐ सत्यम् ! ॐ तत्सत् !

अनि यिनै कुराले गुरुलाई खुसी पारेर मन्त्रराजको दीक्षा लेओस् ! मन्त्रराजका गुरुले उस (शष्य) लाई पनि सत्कुलीन, विद्याभक्त जानेपछि सुन्दर भेष भएकी नारीलाई छोएर आफैले रातमा उपद्रवरहित भई राम्ररी पुजेर एक्लै शिवमदिरमा लाख वा आधा लाख जपेर मात्र देओस् ! ॐ ॐ ॐ सत्यम् सत्यम् सत्यम् !!! यसबाहेक अरू प्रकारको सिद्धि मिल्दैन । यसैले त भनेका हुन् नि ! - कालिकामनको, तारमनको, त्रिपुरामनको, सर्वदुर्गामनको बनी स्वरूपसिद्धि गरोस् इति शिवम् ! ॐ तत्सत् ।

***


## हार्दिक श्रद्धाञ्जली

सिजुवा समाजका अभिभावक तथा समाजसेवी हाम्रा साना बुवा **रामप्रसाद निरौला**को यही २०७४ चैत ४ गते काठमाडौंमा असामयिक स्वर्गारोहण भएकोमा गहिरो दुःख प्रकट गर्दै दिवंगत आत्माको चिरशान्तिको कामनाका साथ हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।



स्व. रामप्रसाद निरौला

**अग्निचक्र राष्ट्रिय मासिक परिवार**

# “आर्थिक सशक्तीकरणसहितको सामाजिक जागरण : ग्रामीण तथा सहरी महिलाको जीवनस्तर रूपान्तरण”

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

**सूचना विभाग**